# लेखापरीक्षण प्रतिवेदन
# गोरखा
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. ११ किलो छेपेटार भालुस्वाँरा बारपाक सडक | ३ |
| | ३.२. खानेपानी तथा सरसफाई डिभिजन गोरखा | ७ |
| | ३.३. जिल्ला अस्पताल गोरखा | १२ |
| | ३.४. जिल्ला कृषि विकास कार्यालय गोरखा | १४ |
| | ३.५. जिल्ला जनस्वास्थ्य कार्यालय | १६ |
| | ३.६. जिल्ला प्राविधिक कार्यालय | २० |
| | ३.७. जिल्ला बिकास समितिको कार्यालय | २२ |
| | ३.८. स्थानीय विकास कोषको सचिवालय | ३० |
| | ३.९. जिल्ला भुसंरक्षण कार्यालय | ३१ |
| | ३.१०. जिल्ला शिक्षा कार्यालय गोरखा | ३२ |
| | ३.११. शहरी विकास तथा भवन निर्माण डिभिजन | ३४ |
| | ३.१२. शैक्षिक तालिम केन्द्र | ३८ |
| | ३.१३. सिंचाई विकास डिभिजन गोरखा | ३८ |
| ४. | आन्तरिक लेखापरीक्षण | ४१ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ४३ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ४५ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ४६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १३ कार्यालयको विस्तृत र ३४ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण –** यस जिल्ला स्थित ४७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.८ अर्ब ४१ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू –** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष २० कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल २६३ दफामा रु.२० करोड ८३ लाख ८८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म १३ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ५४ दफा र रु.४० लाख ४० हजार मिलान गरी २० कार्यालयको दफा २०९ र रु.२० करोड ४३ लाख ४८ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एबं समायोजन गरी कार्यालयगत व्यहोरा र बाँकी दफा संख्या कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.५३ हजार र प्रतिकृयाबाट रु.२ लाख ६० हजार समेत रु.३ लाख १३ हजार असुल भएको छ । यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव –** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाही सहित हानी नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## ११ किलो छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा खरिद गुरुयोजना तयार नगरेको, खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्य नगरेको, नियममा व्यवस्था भए अनुसार जिन्सी सामानको लिलाम तथा मर्मत नगरेको, सवारी साधनको नविकरण र वीमा नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन अनुगमन संयन्त्र तयार नगरेको जस्ता व्यहोराहरु देखिएका छन्। ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनुपर्दछ।

२. **लक्ष्य तथा प्रगति -** स्वीकृत बार्षिक कार्यक्रममा तोकिएको लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी प्रगति गर्नु पर्नेमा यो वर्ष स्वीकृत ५५ योजनामध्ये ३ योजना सञ्चालन नगरेको, ८ योजनामा २५ प्रतिशतभन्दा कम, ९ योजनामा ५० प्रतिशतभन्दा कम र ९ योजनामा ७५ प्रतिशतसम्म प्रगति गरेको देखियो। समयमै कार्यक्रम स्वीकृत गर्ने, ठेक्का व्यवस्था गर्ने र कार्य सम्पन्न गरी लक्ष्य बमोजिम प्रगति हासिल गर्नेतर्फ आवश्यक पहल हुनुपर्दछ।

३. **चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूचि १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा चौमासिक रुपमा सञ्चालन गर्ने कामको परिमाण र बजेट रकम उल्लेख छ। कार्यालयले यो बर्ष पुँजीगततर्फ जम्मा रु.२४ करोड ७३ लाख ९८ हजार खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा मात्र रु.२० करोड ७ लाख ३२ हजार (८१.१४ प्रतिशत) खर्च गरेको देखियो। सोमध्ये आषाढ महिनामात्र रु.१२ करोड ९० लाख ९ हजार (५२.१७ प्रतिशत) खर्च गरेको छ। स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम सम्पन्न गर्नुपर्दछ।

४. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। यो वर्ष कार्यालयले २९ खरिद सम्झौता गरेकोमध्ये प्रथम चौमासिकमा कुनै खरिद सम्झौता नभएको, दोस्रो चौमासिकमा रु.६ करोड ९४ लाख ४९ हजारको ८ सम्झौता र तेश्रो चौमासिकमा रु.५५ करोड ८१ लाख ८५ हजारको २१ वटा खरिद सम्झौता भएका छन्। तेश्रो चौमासिकको खरिद सम्झौतामध्ये रु.४७ करोड १३ लाख ५५ हजारको ८ सम्झौता आषाढ महिनामा भएको देखियो। नियमानुसार प्रथम चौमासिकमा सबै खरिद सम्झौता गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५. **न्यून प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २४(ङ) मा दफा २६ (६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। प्राप्त बिवरण अनुसार ६ योजनाको लागि ७१ बोलपत्र फारम बिक्री भएकोमा १९ बोलपत्रमात्र दाखिला भएको छ। ती निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा लागत अनुमानको तुलनामा ०.०३ देखि २.१४ प्रतिशत घटी प्रतिशतमा सम्झौता भएको छ। सोमध्ये मु–गुम्बा कुलुङ्ग खण्डको सडक निर्माण गर्न रु.५,६१,७७,०८०।– को लागत अनुमान तयार गरी बोलपत्र माग गर्दा २ बोलपत्र फाराम बिक्री भएको र एक निर्माण व्यवशायीको रु.५,५८,४९,५००।– (०.५८ प्रतिशत घटी)को १ मात्र बोलपत्र दर्ता भई लागतकै हाराहारीमा २०७३।१।२७ मा सम्झौता भएको छ। बोलपत्र दाखिला कम हुनु र लागत अनुमानकै हाराहारीमा सम्झौता हुनुले खरिद सम्झौता प्रतिस्पर्धा भएको देखिएन।

६. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा बिभागको नर्मस् अनुसार गुणस्तर नियन्त्रणको लागि आइटम दरमा नै निर्माण सामग्री र ज्याला समेतको कुल रकममा निश्चित प्रतिशत रकम राखी सम्झौता गर्ने गरेको छ । बिभिन्न ४ सडक आयोजनाको सिमेण्ट कंक्रिट र सिमेण्ट बालुवा जोडाईको ढुङ्गाको गाह्रो लगाउने कार्यमध्ये ६४७७.६८ घ.मि. कार्यमा रु.१३,८७,७८६।– ल्याव टेष्टको लागि रकम समाबेश गरेको छ । गाह्रो लगाउने कार्यमा ढुंगाको मूल्यमा समेत १.५ प्रतिशत रकम समाबेश गरेकोमा ढुङ्गाको छुट्टै गुणस्तर परीक्षण गर्ने गरेको छैन । यसरी आवश्यक नपर्ने टेष्टको लागि रकम समाबेश गर्न नमिल्ने र स्पेशिफिकेशन अनुसार टेष्ट गर्नुपर्ने परिमाण र दरलाई छुट्टै आइटम राखी यथार्थपरक हुने गरी दरबिश्लेषण गर्नुपर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा छुट्टै कार्यविधि स्वीकृत गरेको छैन । यो वर्ष कार्यालयले कार्यविधि बेगर सडकविभाग पठाएको रु.३५,२०,०००।- समेत रु.१,०६,९०,६३०।- कन्टिन्जेन्सी खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट कार्यविधि स्वीकृत गरी खर्च गर्नुपर्दछ ।

८. **उपकरण र ज्यामीको अनुपात -** सडकको पहुँच नपुगेको स्थान गोरखाको छेकम्पारस्थित मु–गुम्बा-कुलुङ्ग खण्डमा सडक सनर्माण गर्न ५० प्रतिशत डोजर र ५० प्रतिशत मानिसबाट काम गर्ने गरी लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको छ । सोही सडक आयोजनाको गुम्दा बारपाक खण्डमा ८५ प्रतिशत डोजर र १५ प्रतिशत मानिसबाट काम गराउने गरी दर बिश्लेषण गरी अर्को ठेक्का लगाएको थियो । उक्त दर पछिल्लो दरभन्दा २७७.४४ प्रतिशत बढी रहेको छ । सडक नजाने बिकट स्थानमा उपकरण ५० र मानिस ५० प्रतिशत प्रयोग गरी सडक खन्दा लागतको दृष्टिले निकै बढी देखियो । त्यस्तै ग्याबियन वालमा ढुङ्गा भर्ने कार्यको लागत अनुमान तयार गर्दा ढुङ्गाको मूल्य जिल्ला दररेटअनुसार प्रति घनमिटर रु.१२००।– र ढुवानी समेत रु.३,२७०।– कायम गरेको छ । उक्त सडक निर्माणमा रक कटिङ्गको कार्य ४५०० घन मिटर रहेको र उक्त कटिङ्गको लागि रु.६८ लाख ६९ हजारको लागत अनुमान कायम गरेको थियो । रक कटिङ्गको कार्य गर्दा निर्माणस्थलमै ढुङ्गा उपलब्ध हुने भएकोले संकलन र ढुवानी लागि रकम समावेश गरी दर बिश्लेषण गर्न सकिनेमा जिल्ला दररेट अनुसार ढुङ्गाको मूल्य राखेको देखियो । उक्त कार्यमा ३३०० घनमिटर ढुङ्गाको लागि प्रति घनमिटर रु.१,२००।– का दरले रु.३९,६०,०००।– मूल्य राखी लागत अनुमान स्वीकृत गरेको छ । यस सम्बन्धमा कार्यालयले सडक यातायातको पहुँच भएको स्थानबाट ४ दिन पैदल यात्रा गर्नुपर्ने बिकट स्थान भएको, उपकरण हेलिकोप्टरबाट ढुवानी गर्नुपर्ने भएको, पूरै काम ज्यामीबाट गराउँदा बढी लागत पर्ने भएकोले दररेट घटाउन ५० प्रतिशत उपकरण प्रयोग गर्ने गरी दर बिश्लेषण गरेको र मानिसले ढुङ्गा बोकी ग्याबियन वाल लगाउनु पर्ने प्रतिकृया दिएको छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितव्ययी हुने गरी दर बिश्लेषण गर्नुपर्दछ ।

९. **माटो खन्ने कार्य -** यस आयोजना अन्तर्गत सञ्चालन भैरहेको सडक निर्माण कार्यको सबै प्रकारको माटो खन्ने कार्यमा ८५ प्रतिशत उपकरण र १५ प्रतिशत मानिसबाट खन्ने गरी दर बिश्लेषण गरेको छ । त्यस्तै सबै प्रकारको रक कटिङ्गको कार्यमा ९६ प्रतिशत उपकरणको प्रयोग र ४ प्रतिशत मानिसबाट गर्ने गरी दररेट कायम गरेको पाइयो । सर्भे गरी ड्इङ्ग, डिजाइन तयार गर्ने र लागत अनुमान तयार गर्दा माटो र ढुङ्गाको प्रकार, परिमाण तथा स्थान समेत खुलाई बिस्तृत नापजाँच हुनुपर्नेमा आयोजनाले अनुमानको भरमा सबै स्थानमा उस्तै मापदण्ड लागु गरी दररेट कायम

गरेको पाइयो । डोजर एक्साभेटर प्रयोग गरेपछि मानिसबाट पनि काम गर्ने गरी प्रतिशत कायम गर्दा लागत बढ्न गएको देखिन्छ । जसले गर्दा कडा माटो कटिङ्गमा प्रति घ.मि. रु.११०।– देखि रु.११५।– सम्म र रक कटिङ्गमा सरदर रु.३३५।- दर कायम गरेको छ । उपकरण मात्र प्रयोग गरेको भए उक्त दर प्रति घन मिटर क्रमशः रु.४१।– र ७५।– हुने देखिन्छ । यथार्थ परिमाण यकिन नगरी अनुमानको आधारमा प्रतिशत कायम गरी दररेट कायम गर्नु उचित नदेखिएकोले प्रकृति र परिमाण खुलाई दररेट निर्धारण गर्नुपर्दछ ।

१०. **फलामे डण्डीको नर्म्स –** सडक विभागको नर्म्स पुस्तिकामा फलामे डण्डीको कार्य गर्दा काट्ने, बाँध्ने, फिक्स गर्ने आदिको लागि प्रति कि.ग्रा. डण्डीको काममा १.१५ कि.ग्रा.फलामे डण्डी लाग्ने व्यवस्था छ । सो कार्यमा नेपाल सरकारको अन्य विभागले १.०५ कि.ग्रा.डण्डी प्रयोग हुने नर्म्स स्वीकृत गरेको छ । फलामे डण्डीको कटिङ्ग, वेल्डिग तथा फिक्सिगको कार्यमा नर्म्समा एकरुपता छैन । दर विश्लेषण गर्दा डण्डी काट्दा खेरजाने भागलाई १५ प्रतिशतसम्म लागतमा समावेश गर्नु यथार्थपरक देखिंदैन । एउटै प्रकारको काममा सबै निकायको लागि नर्म्स समान हुनुपर्दछ । कार्यालयले सडक विभागको नर्म्स प्रयोग गरेको र उक्त परिमाण हाल प्रचलनमा रहेको अन्य निकायको नर्म्सको तुलनामा १० प्रतिशत बढी भई लागत बढेको देखिन्छ । सडक बिभागको नर्म्स प्रयोग गर्दा ५ वटा सडक तथा पुल निर्माण कार्यमा मात्र ४०९५१ के.जी. डण्डी बढ्न गई रु.३९,२१,७३३।– र उक्त मूल्यमा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मु.अ.कर समेत रु.५०,९६,२९२।– फलामे डण्डीको लागत अनुमान बढेको देखियो । प्रत्येक सरकारी निकायको लागि समान हुने गरी नर्मस् तयार गर्नुपर्दछ ।

११. **ढुङ्गाको नर्म्स -** सडक विभागको नर्म्समा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गाह्रो लगाउँदा प्रतिघनमिटर गाह्रोमा १.१५ घ.मी. ढुङ्गा लाग्ने व्यवस्था गरेको छ । नेपाल सरकारको अन्य विभागको स्वीकृत नर्म्समा गाह्रो लगाउँदा प्रति घ.मी. १.१० घ.मी. ढुङ्गा लाग्ने व्यवस्था गरेको पाइयो । सडक विभागको नर्म्सअनुसार यो वर्ष सञ्चालित निर्माण कार्यमध्ये नमूना छनौट गरी परीक्षण गरिएका ४ सडक योजनामा ०.०५ अर्थात ५ प्रतिशतले २६०.३१ घ.मी. ढुङ्गा बढी प्रयोग भई रु.२,८२,०७७।– मा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मू.अ.कर समेत रु.३,६६,५५९।०६ लागत बढ्न गएको देखियो । गाह्रो लगाउँदा ढुङ्गाको साइज मिलाउने, प्वाल वा खाल्टोमा टुक्रा ढुङ्गा राख्ने आदिको लागि आवश्यक ढुङ्गाको परिमाण नेपाल सरकारको निकायपिच्छे फरक फरक नर्म्स हुनुहुँदैन । समान प्रकारको कार्यमा समान नर्म्स स्वीकृत हुनुपर्दछ ।

१२. **बीमा -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) अनुसार दश लाख रुपैयाँभन्दा बढि मुल्यको निमार्ण कार्य गर्ने निमार्ण व्यावसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको समेटिने गरी वीमा गर्नुपर्ने व्यबस्था छ । नमूना छनौट गरी परीक्षण गरिएका १८ निर्माण कार्यमध्ये १४ निर्माण कार्यको लागि बिल अफ क्वान्टिटीमा वीमा बापतको रकम व्यवस्था भएपनि बीमा नगरी निर्माण कार्य सुरु गरेको छ । त्यस्तै ४ निर्माण व्यवसायीले त्रुटी सच्याउने अवधि सम्मको बिमाको म्याद पेश गरेको देखिएन । निर्माण कार्य सुरु गर्नु अगावै अनिवार्य बीमा गर्नुपर्ने र बिमाको अवधि त्रुटी सच्याउने अवधि सम्मको हुनुपर्ने प्रावधान खरिद सम्झौतामा समेत उल्लेख भएकोमा सोको कार्यान्वयन भएको पाइएन । निर्माण कार्य सुरु गर्नु अगावै अनिवार्य बीमा गराउने र बिमाको म्याद त्रुटी सच्याउने अवधि सम्मको पेश गर्नुपर्दछ ।

१३. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद निमायवली, २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाइको कारणले तोकिएको काम म्यादमा सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकममा ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिर्नु पर्ने व्यवस्था छ । यो बर्ष सञ्चालित सडक योजनाहरुमध्ये ४ सडक निर्माण कार्य गर्ने निर्माण व्यवशायीहरुले सम्झौता बमोजिम काम सम्पन्न गर्नुपर्ने अन्तिम म्यादसम्म कार्य सम्पन्न नगरेको

र म्याद थप पनि भएको नदेखिएकोले नियमानुसार रु.१ करोड १५ लाख ६५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्दछ ।

१४. **पुल निर्माण -** मकैसिंह बुट्टार जोडने त्रिशुली नदीमा पुल निर्माणको लागि एक कन्स्ट्रक्सन कम्पनीसंग रु.१५,०३,०२,३३१।– र ४२ महिनाभित्र सम्पन्न गर्ने गरी २०७१।३।२९ मा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवशायीले यो बर्षसम्म रु.८८२५६४५।– को बिल पेश गरेको छ । उक्त निर्माण कार्य सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

१४.१ निर्माण व्यवशायीलाई चौथो रनिङ्ग बिलसम्म मुल्य बृद्धि बापत रु.५,२५,७२६।– भुक्तानी गरेको छ । उक्त कार्यमा वीमाको रकम प्रोभजनल सममा नराखी लमसममा राखेको र निर्माण व्यवशायीसंग वीमाको लागि रु.३० लाखमा सम्झौता गरी हालसम्म रु.२०,०१,०००।– भुक्तानी दिएको छ । निर्माण व्यवशायीले शुरुमा नै वीमा गरेपनि कार्यालयले उक्त रकममा ५.०२ प्रतिशतले रु.१,००,४५०।– मुल्य बृद्धि भुक्तानी दिएको देखियो । सम्झौता गर्दा वीमाको व्यवस्था प्रोभिजनल सममा राख्ने र वीमा लगायतका जनरल आइटमको भुक्तानीमा मुल्य बृद्धि भुक्तानी नदिने व्यवस्था गरिनु पर्दछ ।

१४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्य शुरु भई कुनै आइटम थपघट गर्नु परेमा भेरिएशन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । सम्झौतामा पुलको एप्रोच सडक निर्माण कार्यमा सबै प्रकारको माटो खन्ने कार्य १६०६.५१ घ.मि. रहेकोमा निर्माण व्यवशायीले ७४३७.२५ घ.मि. कार्य गरेको देखियो । भेरिएशन आदेश बेगर सम्झौतामा उल्लेखित परिमाणभन्दा ५,८३०.७४(३६२.९४ प्रतिशत) घ.मि. बढी कार्य गरी सम्झौताको दर रु.२५०।– ले रु.१४,५७,६८५।– बढी भुक्तानी गरेको देखियो । उक्त कार्यको भेरिएशन आदेश स्वीकृत हुनुपर्दछ ।

१५. **दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। यो सडक अन्तर्गत १४+००० माथिको सडक खण्डका लागि बिभिन्न साईजका GS Hume pipe खरिद गरेकोमा 200mm dia 4kg/cm 100 र.मि. कार्यालयमा दाखिला गरेको देखिएन । प्रति रनिङ्ग मिटर रु.१५७५।– का दरको १०० रनिङ्ग मिटर पाइप साइटमा निर्माण व्यवसायीलाई हस्तान्तरण गरेको समेत देखिएन । कार्यालयले खरिद गरेको सामग्री कार्यालयमा दाखिला नहुने र साइटमा बुझेको पनि नदिएको हुँदा उक्त पाईप खरिद गरे नगरेको एकिन गर्न सकिएन । दाखिला प्रतिवेदन वा हस्तान्तरण फारम पेश नगरी भुक्तानी दिएकोरु.२०,४७५।-असुल हुनुपर्दछ ।

१६. **हर्जना दाखिला -** निर्माण व्यवसायीको बिलबाट हर्जना वापत कट्टा गरेको रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ । ठेक्का नं.३३/०७१।७२ ट्राफिक सेफ्टी कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७१।१०।२८ मा रु.९,४२,१०९।- को सम्झौता भएकोमा उक्त सम्झैताको म्याद २०७२।२।७ मा समाप्त भएको छ । सम्झौताको म्याद समाप्त भएको अवस्थामा दोश्रो रनिङ्ग बिल रु.१,०१,२२७।- भुक्तानी गर्दा रु.४५,३१४।- हर्जना कट्टा गरी निर्माण व्यवसायीको धरौटी खातामा जम्मा गरेको छ । हालसम्म पनि उक्त सम्झौताको म्याद थप भएको छैन । लामो समयसम्म सम्झौताका म्याद थप पनि नहुने र कट्टा गरेको हर्जाना रकम धरौटी खातामा राखी राख्नु उपयुक्त देखिएन । धरौटी खातामा जम्मा गरेको उक्त रकम राजस्व दाखिला गर्नुपर्दछ ।

१७. **बिमा –** बेनीघाट-आरुघाट-लार्के सडक खण्डमा ४७ कि.मि देखि सडक निर्माण गर्न रु.८,४८,२५,९३०।– को लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा दर्ता भएका १३ वटा बोलपत्रमध्ये सबभन्दा घटीवाला एक ज्वाइन्ट भेन्चर निर्माण व्यवशायीको रु.५,१९,८७,०३५।– (३८.७१ प्रतिशत घटी) को बोलपत्र स्वीकृत गरी २०७२।९।– मा सम्झौता गरेको छ। उक्त निर्माण कार्यको सम्झौतामा वीमा बापत प्रोभिजनल सममा रु.५ लाख राखिएको छ। निर्माण व्यवशायीले ३१।१२।२०१५ देखि २९ जून २०१७ कायम हुने गरी ६।०७।२०१६ मा वीमा गरी रु.२,१२,२४१।–

प्रिमियम तिरेको रसिदको आधारमा भुक्तानी लिएको छ। यसरी विमा गरेको मितिभन्दा ५ महिना २५ दिन अघिदेखिको जोखिम बहन गर्ने गरी गरेको वीमा प्रिमियम भुक्तानी गर्न मिल्दैन । अतः वीमा गरेको मितिभन्दा अगाडीको दामासहीले हुने प्रिमियम रकम रु.८६,७८७।– भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल हुनुपर्दछ ।

१८. **मूल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा पाँचहजार बढीको मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्तासँग खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मुल्य अभिवृद्धि करमा दर्ता नभएको गोरखाको एक इन्टरप्राइजेजबाट रु.१,०३,५७०।– को बिभिन्न सामान खरिद गरेको छ। तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मसंग खरिद गर्नुपर्दछ।

१९. **बढी भुक्तानी -** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख ३) मा निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयका एक कर्मचारीको प्रत्येक वर्ष असार महिनामा ग्रेड वृद्धि हुने गरी २०७२।७३ को तवली प्रतिवेदन पारित भएको छ। निजको २०७३ जेठ महिनासम्म रु.१,४४०।- र २०७३ असारमा १ ग्रेड वापत रु.२४०।- पाउने गरी २०७२।५।२ मा कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखाबाट तलवी प्रतिवेदन पारित भएकोमा निजले २०७२ श्रावण देखी नै रु.१,६८०।- र २०७३ असारमा १,९२०।- ग्रेड भुक्तानी दिएको देखियो। निजलाई पारित ग्रेड भन्दा १ ग्रेड बढी अर्थात रु.२४०।- भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी दिएकोरु.२,८८०।- असुल हुनुपर्दछ।

२०. **खर्च शीर्षक -** आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम ३५ मा रकम स्वीकृत वजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा पर्छ भने खर्च गर्न सकिने व्यवस्था छ। कार्यालयले यो वर्ष करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक वापतको रु.८६,६९०।- खर्च शीर्षक नं. २२४१२ (अन्य सेवा शुल्क) बाट खर्च लेख्नु पर्नेमा खर्च शीर्षक नं २११११ (तलव) बाट खर्च लेखेको देखिन्छ। खर्च शीर्षक फरक पारी बजेट खर्च लेखेको नियमसम्मत देखिएन।

२१. **पेश्की -** बिभिन्न निर्माण व्यवसायीको नाममा रहेको रु.५,९५,९०,०००।– मोविलाईजेशन पेश्की फछ्र्यौट भएको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दा समयमा अख्तियारी प्राप्त नभएको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने उल्लेख गरेका मालसामान मर्मत तथा लिलाम नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सम्पन्न भएका बिभिन्न ६ वटा आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **वार्षिक प्रगति -** स्वीकृत बार्षिक कार्यक्रममा चौमासिक रुपमा सञ्चालन गरिने कार्यक्रमहरुको लागत, परिमाण र भार समेत उल्लेख गरिएको छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका ६ कार्यक्रम अन्तर्गत सञ्चालित बिभिन्न खानेपानी योजनाहरुको प्रगती बिश्लेषण गर्दा ६१.३२ देखि ९४.३९ प्रतिशतसम्म प्रगति भएको देखियो । समयमै कार्यक्रम सञ्चालन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ।

३. **चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ। कार्यालयले यो बर्ष कुल पुँजीगत बजेट रु.१६ करोड ९७ लाख ९६ हजार मध्ये तेस्रो चौमासिकमा मात्र रु.१४ करोड १९ लाख ७४ हजार (८४ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.१० करोड २९ लाख १४ हजार (६१ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि समयमै खरिद सम्झौता र कार्यतालिका अनुसार कार्य सम्पन्न गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा काम र खर्चको भार बढी हुँदा कामको गुणस्तरमा प्रतिकूल असर पर्न सक्ने देखिएकोले समयमै कार्य गरी खर्च गर्नुपर्दछ।

४. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६८ को नियम २० (३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष कार्यालयले रु.५ करोड ८८ लाख ४ हजारका ३२ वटा खरिद सम्झौता भएकोमध्ये रु.१ करोड ८७ लाख ५१ हजार हजारका ५ वटा सम्झौता दोश्रो चौमासिकमा र बाँकी रु.४ करोड ५३ हजारको २७ वटा सम्झौता तेश्रो चौमासिकमा भएको छ। तेश्रो चौमासिकको खरिद सम्झौतामध्ये पनि रु.१ करोड ७५ लाखको ११ वटा सम्झौता आषाढ महिनामा भएको देखिएको छ। नियमावली बमोजिम प्रथम चौमासिकमा सबै खरिद सम्झौता गर्ने गरी समयमै अख्तियारी पठाउने र कार्यालयले नियमानुसार समयमै ठेक्का व्यवस्था मिलाउनु पर्दछ।

५. **न्यून प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २४(ङ) मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। दफा ८ (२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष पाइप तथा फिटिङ्गस खरिद र निर्माण कार्यको लागि रु.६ करोड ५६ लाख १७ हजारको लागत अनुमान तयार गरी २५ वटा सिलबन्दी दरभाउपत्र र ७ वटा बोलपत्र माग गरी खरिद गरेको छ। उक्त ठेक्कामा २३६ बोलपत्र बिक्री भएकोमा ११३ (४८.८ प्रतिशत) दर्ता भएको र लागत अनुमानको तुलनामा औसतमा १०.३७ प्रतिशत घटीमा खरिद सम्झौता भएको छ। सोमध्ये रु.३ करोड २८ लाख ९६ हजार लागतको २५ वटा सिलबन्दी दरभाउपत्रमा ०.१ देखी ०.८९ ( औषतमा ०.४३) प्रतिशत घटीमा सम्झौता भएको र रु.३ करोड २७ लाख २१ हजार लागत अनुमान भएको ७ बटा बोलपत्रमा ०.०९ देखी ४७.५२ (औषत २०.३६) प्रतिशतसम्म घटीमा सम्झौता भएको देखिएको छ। यो बर्ष सम्पन्न अधिकांश खरिद कार्य बोलपत्रबाट नभई सिलबन्दी दरभाउपत्रबाट भएको र ती ठेक्कामा पर्याप्त प्रतिस्पर्धा भएको देखिएन।

कार्यालयले उच्च मध्यमस्तरीय ठूलो खानेपानी आयोजना अन्तर्गत संचालित बाह्रमुले स्वाँरा खानेपानी योजना निर्माणको लागि रु.१३,१३,९५,३५०।- को लागत अनुमान तयार गरी महानिर्देशकबाट २०७२।७।२० मा स्वीकृत गराएको छ। कार्यालयले यो वर्ष स्वीकृत भएको बजेटको परिधिभित्र रही ३ वटा लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र माग गरी निर्माण कार्य गराएको छ। ३ वटै दरभाउपत्र लागत अनुमानको तुलनामा ०.१७ प्रतिशत देखी ०.८६ प्रतिशत सम्म घटीमा सम्झौता भएको देखियो। बोलपत्र माग गर्न सकिने कार्यहरु सिलबन्दी दरभाउपत्र माग गरेको कारणले पनि पर्याप्त प्रतिस्पर्धा हुन नसकेको स्थिति देखियो।

६. **लक्ष्य र प्रगति -** खानेपानी नीति, २०६० अनुसार सन् २०१७ भित्र सबैमा आधारभुत खानेपानी तथा सरसफाईको पहुँच पुर्‍याउने लक्ष्य रहेको छ। हालसम्म यस जिल्लामा कुल जनसँख्या २७१०६१ मध्ये २२४१७६ (८२.७%) जनतालाई खानेपानी उपलब्ध गराएको देखिन्छ। यस वर्षको बाँकी दश महिना भित्रमा थप १७.३% जनतालाई स्वच्छ खानेपानी र सरसफाईको पहुँच पुर्‍याउन

सक्ने अवस्था देखिएन । खानेपानी नीति, २०६० ले निर्धारण गरेको राष्ट्रिय लक्ष्य पूरा गर्ने गरी प्रगती हासिल गर्न तर्फ डिभिजन कार्यालयले ध्यान दिनु पर्दछ ।

७. **पुराना आयोजना -** यस डिभिजन कार्यालयबाट विगत ५ वर्ष अगाडी देखी सञ्चालनमा रहेका आयोजनाहरुमध्ये ६ वटा आयोजनाहरु अझै सञ्चालनमा रहेका देखिन्छ । २०६५/६६ देखी २०६८।६९ सम्म सञ्चालन भै रहेका ६ वटा खानेपानी योजनाहरु २०७३।७४ मा ३ र २०७४।७५ मा ३ वटा सम्पन्न गर्ने लक्ष्य रहेको देखिनछ । ती योजनाहरुको हालसम्मको प्रगति २५.७९ देखि ७६.३१ प्रतिशतसम्म प्रगति देखिएको छ । सोमध्ये ४ वटा योजना ५० प्रतिशतभन्दा कम प्रगति भएको छ । सञ्चालित योजनाहरुले निर्धारित लक्ष्य हासिल गर्ने गरी योजना सञ्चालन गर्नुपर्दछ ।

८. **मुहान विवाद -** खानेपानी योजना सञ्चालन गर्नु पूर्व पानीको श्रोत यकिन गरी गर्नु पर्दछ । यस डिभिजन मार्फत यस वर्ष शुरु भएको रु.६ करोड ६२ लाख २७ हजार लागत अनुमानको ओयक खानेपानी योजनाको निर्माण कार्य शुरु भए पछि पानी मुहानको विवाद उत्पन्न भै योजना कार्यान्वयनमा बाधा उत्पन्न भएको छ । यो वर्ष उक्त आयोजनाका लागि रु.१ लाख ७३ हजार खर्च भएको छ । पानीको श्रोत यकिन नगरी खानेपानी आयोजनाको निर्माण काम शुरु गर्दा आयोजना सम्पन्न नहुने हुदा समयमै पानी मुहानको विवाद समाधान गरी मात्र आयोजनाको अन्य निर्माण कार्य अगाडि बढाउनु पर्दछ ।

९. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले कुल ५९ वटा योजनाबाट यस वर्ष रु.२९ लाख ८३ हजार कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ । कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा नियम १०(७) अनुसार अनुसूची-१ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिंदैन । उक्त अनुसूचीमा सार्वजनिक निर्माणका सम्बन्धमा वर्क चार्ज खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै कार्यविधि समेत तयार गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट कार्यविधि तयार हुनुपर्दछ ।

१०. **पाइप तथा फिटिङ्गस् मौज्दात -** खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने व्यहोरा उल्लेख छ । गत वर्ष विभिन्न साइजको ६,४३७ मीटर जि.आई पाइप र ७४,८८६ मिटर एच.डि.पि.ई. पाइप मौज्दात रहेकामा यस वर्ष बिभिन्न साइजका १७,४४८ मीटर जि.आई. पाइप र ३,०४,३९० मिटर एच.डि.पि.ई पाईप खरिद गरेको छ । यस वर्ष बिभिन्न खानेपानी आयोजनाहरुमा ११,६०९.२० मिटर जि.आई. पाइप र ३,१८,८३० मिटर एच.डि.पि.ई. पाईप खर्च गरेको देखिन्छ । वर्षको अन्त्यमा बाँकी रहेको १२,२७५ मिटर जि.आई.पाइप र ६०,४४६ मिटर एच.डि.आई पाइप मौज्दात राखिएको छ । वर्षको अन्त्यमा मौज्दात रहेको रु.९,४०६,५८१।- को जि.आई पाईप, रु.१,०८,३४,०६७।-को एच.डि.पि.ई. पाईप र रु.७४८९७९७।-को फिटिङ्गस् गरी कुल रु.२,७७,३०,४४५।- को पाईप र फिटिङ्गस् स्वीकृत कार्यक्रम अनुसार समयमै सम्बन्धित आयोजनामा खर्च नगरी मौज्दात नै रहेकोले लक्ष्य अनुसार समयमै जडान गर्नुपर्दछ ।

११. **सम्झौताको पालना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समिति मार्फत खरिद कार्य गर्दा सम्झौता गरी सम्झौताको पालना गरेर निर्माण कार्य गराउनुपर्दछ । डिभिजन कार्यालयले माँझगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई

खानेपानी आयोजना मर्मत सम्भार वापत रु.३,७१,६६२।- भुक्तानी दिएको छ । खरिद सम्झौताको शर्तमा निर्माण सामग्रीहरु प्राविधिकबाट जाँच गराई मात्र प्रयोग गर्नुपर्ने र सोको गुणस्तर तोकिएको स्फेशिफिकेशन बमोजिम हुनुपर्ने व्यवस्था रहेकोमा स्पेशिफिकेशन नखुलाएको र प्राविधिक जाँच गरेको प्रमाण पेश भएन । त्यसैगरी उपभोक्ता समितिले साइटमा स्टोर खडा गर्नुपर्ने र आयोजनाको साइनबोर्ड समेत टाँसी राख्नुपर्ने शर्त राखिएकोमा स्टोर खडा गरेको र साईनबोर्ड राखेको प्रमाण संलग्न गरेको छैन । उपभोक्ता समितिलाई सम्झौताको शर्त पालना पालना गरेपछि मात्र भुक्तानी हुनुपर्दछ ।

१२. **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि सम्झौताका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । डिभिजन कार्यालयले यस वर्ष सम्पन्न गरेका खानेपानी योजनाहरुमध्ये ४ खानेपानी योजनाको रु.३५ लाख २१ हजारको अन्तिम बिल भुक्तानी गर्दा प्राविधिक बिल मात्र पेश गरेको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदन पेश नगरी अन्तिम भुक्तानी दिँदा सम्झौता बमोजिम काम सम्पन्न भए नभएको एकिन नहुने भएकोले नियमानुसार कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१३. **बिल भपाई -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । चापे सामुदायिक खानेपानी उपभोक्ता समितिले दुई थान ५० के.भि.ए.ट्रान्सफरमरमा टि.ओ.डि मिटर जडानका लागि नेपाल विद्युत प्राधिकरण गोरखा वितरणकेन्द्रको लागत अनुमान रु.१५७४३८।- रकम प्राधिकरणको धरौटी खातामा अग्रिम जम्मा गरी दिन अनुरोध गरेकाले डिभिजन कार्यालयबाट २०७३।३।२२ मा उक्त रकम विद्युत प्राधिकरण गोरखा वितरण केन्द्रको धरौटी खाता नं.२०१४ मा जम्मा गरेको देखिन्छ । कार्यालयमा पेश्की समेत नजनाई वितरण केन्द्रको धरौटी खातामा जम्मा गरेको उक्त रकमको काम सम्पन्न भएको प्रमाण र खर्चको बिल भपाई पेश हुनुपर्दछ ।

त्यस्तै बाह्रमुले खानेपानी योजनाका लागि १५० मिटर ९० मि.मि. एच.डि.पि.ई पाईप र बोहोरेखोला ठाँटी पोखरी खानेपानी योजनाका लागि ३०० मिटर ६३ मि.मि. एच.डि.पि.ई पाईप खरिद गरे वापत २ व्यक्तिलाई रु.२१,४३३।- भुक्तानी दिएकोमा पाईप खरिद गरेको बिल संलग्न देखिएन । बिल भपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१४. **ढुवानी -** बाह्रमुले स्वाँरा खानेपानी योजना निर्माण कार्यको लागत अनुमान तयार गर्दा ८ कि.मी. कच्ची सडकमा ढुवानी गरे वापत प्रति के.जी. रु.१/२० कायम गरेको देखियो । जिल्ला दररेट अनुसार उक्त ढुवानी दर ०/१२ मात्र हुने देखियो । यसरी ढुवानी दररेट बढी कायम गरेबाट यो वर्ष सञ्चालित ३ निर्माण कार्यको नमूना स्वरुप परीक्षण गरिएका १० आइटममा मात्र रु.४,३६,८६०।– बढी ढुवानी दर समाबेश गरेको कारण लागत अनुमान बढन गएको देखियो । लागत अनुमान तयार गर्दा मितव्ययी हुनेगरी आइटमको दरबिश्लेषण गर्नुपर्दछ ।

१५. **टुल्स एण्ड प्लाण्ट -** बाह्रमुले खानेपानी आयोजनाको लागत अनुमान तयार गर्दा टुल्स एण्ड प्लाण्टको लागि रु.१६,६४,६७३।- को व्यवस्था गरेको छ । त्यस्तै लागत अनुमानमा माटो खन्ने र पुर्ने कार्यको लागत ट्रान्समिशन लाईन तर्फ रु.१३०,३७,६६०।– र वितरण लाइनतर्फ रु.११३६३९०८।– समेत जम्मा रु.२४४०१५६८।– रहेको र सो कार्यमा नर्मस् अनुसार टुल्स एण्ड प्लाण्टको लागि ३% रकम रु.६,३६,५६३।– व्यवस्था गरेको देखियो । यसरी उपभोक्ता समितिलाई उपलब्ध गराउने गरी टुल्स र प्लाण्टको व्यवस्था गरिए पछि हरेक आइटममा ज्यावल तथा उपकरणको लागि ३% व्यवस्था गर्न मिल्दैन । यसरी व्यवस्था गरिएको रकम उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गर्दा असुल हुनुपर्दछ ।

१६. **बिमा -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) अनुसार दश लाख रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्दा बीमाको व्यवस्था गर्नुपर्नेमा बाह्रमुले खानेपानी आयोजनाको ३ वटै निर्माण कार्यको लागि बीमाको व्यवस्था गरेको छैन। नियमानुसार बीमाको व्यवस्था गरी सम्झौता गर्नुपर्दछ।

१७. **पालुङटार लिफ्ट खानेपानी योजना –** पालुङटार सहलगानी खानेपानी आपुर्ति तथा सरसफाई आयोजना निर्माणको लागि निर्माण व्यवसायी एक कन्स्ट्रक्सन कम्पनीसँग २०७१/१२/१२ मा मु.अ.कर समेत रु.७,३५,०२,४१३।– मा सम्झौता भएको थियो । उक्त सम्झौताको म्याद २०७३/६/१२ सम्म रहेकोमा ६ महिना म्याद थप भएको छ । निर्माण व्यवसायीलाई यो वर्ष ३ वटा रनिङ बिलबाट मु.अ.कर समेत रु.२,२०,९२,६७९।– भुक्तानी भएको छ । सोमध्ये ८७.५% कार्यालयले र १२.५ प्रतिशत उपभोक्ताले व्यहोरेको छ । उक्त निर्माण कार्यको भुक्तानी गर्दा देखिएको व्यहोरा देहाय अनुसार छन् :

१७.१ सम्झौतामा ल्याव टेष्ट र पानीको गुणस्तर परीक्षणको लागि रु.१ लाख ५० हजार भुक्तानी गर्ने गरी ठेक्का सम्झौता भएकोमा पानीको गुणस्तर परीक्षण नहुँदै पूरै रकम भुक्तानी गरेको देखिएकोले खानेपानीको गुणस्तर परीक्षण गरेको र पूर्णरुपमा अभिलेख राखेको प्रमाण पेश हुनुपर्दछ।

१७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्य शुरु भई कुनै आइटम थपघट गर्नु परेमा भेरिएशन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । यस आयोजनामा २ आइटममा सम्झौता भन्दा बढी परिमाणको काम गरी रु.४ लाख ८४ हजार बढी भुक्तानी गरेपनि भेरिएशन आदेश जारी गरेको देखिएन ।

१७.३ सम्झौतामा बीमाको लागि रु.१ लाख प्रोभिजनल सममा व्यवस्था गरेको छ। निर्माण व्यवसायीले २०७१।१२।१२ देखी २०७३।६।१२ सम्म र मर्मत अवधिसम्मको लागि बीमा गरी मु.अ.कर समेत रु.१,८१,९३७– को बिल पेश गरेको छ। उक्त बिमाको म्याद सकिए पनि अवधि थप गरेको छैन ।

१७.४ सम्झौतामा सवारी भाडा वापत १४४ दिनको लागि दैनिक रु.५,०००।- का दरले भुक्तानी गर्ने व्यवस्था भए अनुसार प्रथम बिलमा ६ दिन, दोश्रो बिलमा १० दिनको भुक्तानी गरेको देखिएकोमा तेश्रो बिलमा अघिल्लो बिलसम्मको सम्पन्नमा ६ दिन समेत ५६ दिनको बिल पेश गरेको छ । दोश्रो बिलमा भुक्तानी लिएको रु.५०,०००।- छुट भएकोले उक्त रकम कट्टा गर्नुपर्दछ।

१८. **जिन्सी दाखिला –** सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.२५ हजारभन्दा बढीको बस्तु तथा सेवा खरिद गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी ल्याएको सामग्री जिन्सी किताबमा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले फोहोर मैला व्यवस्थापनका लागि रु.८८,९६८।- को बिभिन्न सामग्री खरिद गरी भुक्तानी दिएकोमा उक्त सामानको लागत अनुमान तयार गरेको देखिएन। साथै खरिद गरिएका सामग्रीहरुको खरिद आदेश, दाखिला रिपोर्ट र जिन्सी दाखिला समेत देखिएन । खरिद गरिएका सामग्रीहरु कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्दछ।

**कार्य सञ्चालन कोषतर्फ**

१९. **सम्झौता बेगर खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समिति मार्फत खरिद कार्य गर्दा सम्झौता गर्नुपर्ने व्यवस्था छ । क्षेत्र नं.३ अन्तर्गत पाण्डेगाउँ खानेपानी उपभोक्ता समितिलाई १००० लिटरका ४ थान पानी ट्याङ्की खरिद गरी बिल भुक्तानी दिएकोमा खरिद सम्झौता गरेको देखिएन। सम्झौता नगरी मालसामान खरिद गरी भुक्तानी दिएको रकम नियमसम्मत देखिएन ।

२०. **मौज्दात रकम -** निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आ.व.२०७२/७३ मा रु.५३,१९,०००।-प्राप्त भएकोमा रु.५२,८८,१२७- खर्च भै रु.३०,८७३।- कार्य सञ्चालन कोष

खातामा मौज्दात रहेको देखिन्छ । निर्वाचन क्षेत्र विकास कार्यक्रममा विनियोजित रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभै बाँकी रहेमा सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

## जिल्ला अस्पताल, गोरखा

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । अस्पतालको आन्तरिक नियन्त्रण व्यवस्था र सोको कार्यान्वयनको मूल्यांकन गर्दा नियमानुसार बार्षिक खरिद योजना तयार नगरेको, औषधी प्रतिस्पर्धा नगरी सोभै खरिद गरेको, यस वर्ष कतिपय मालसामान खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मबाट खरिद गरको, जिन्सी निरीक्षण प्रतिबेदनमा टेबुल, कुर्सी, वेड साइड लकर, माइक्रोस्कोप, फोर्सेप, पंखा, स्टिल दराज लगायतका मालसामानहरु लिलाम तथा मर्मत गर्नुपर्ने उल्लेख गरेकोमा तोकिएको अवधीमा लिलाम तथा मर्मत नगरेको, निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, तलबी प्रतिबेदन पारित नगराई रु.१,१४,२२,७१६।- खर्च लेखेको, कन्सल्टेन्ट, एनेस्थेसियोलोजिस्ट, कन्सल्टेन्ट गाइनोकोलोजिस्ट लगायतका विभिन्न १९ पद रिक्त रहेकोमा पदपुर्ति नगरेको जस्ता व्यहोरा देखिएका छन् । कानूनको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **बजेट फ्रिज -** यस वर्ष एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत मेशिनरी औजार खरिद वापत २०७२।६।२८ मा प्राप्त अख्यियारी रु.५८,०००।- र अनुगमन मुल्यांकन तथा योजना सुदृढिकरण अन्तर्गत सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सशर्त चालु अनुदान वापत मिति २०७२।१२।५ मा प्राप्त अख्तियारी रु.५,००,०००।- बजेट रकम यस अस्पतालले निकासा लिई खर्च गरेको देखिएन । विनियोजित बजेट निकासा तथा खच नभएकोले स्वीकृत कार्यक्रमको उपादेयता देखिँदैन । स्वीकृत बजेट समयमै खर्च गरी अपेक्षित प्रगती हासिल गर्नुपर्दछ ।

३. **नगद मौज्दात -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेबार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । हरेक महिनाको अन्तमा नगद मौज्दात देखिएको र आर्थिक बर्षको अन्तमा रु.४७,८२२।- टिकट काउन्टरमा नगद मौज्दात राखेको देखिन्छ । नगद आम्दानीलाई समयमै बैंक दाखिला गरी चेकबाट खर्च लेख्ने, सानातिना फुटकर खर्चको लागि सानो नगदी कोषको उपयोग गर्ने तर्फ अस्पतालको ध्यान जानु पर्दछ । नगद आम्दानी बैंक दाखिला नगरी सोभै खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

४. **रसिद नियन्त्रण -** अस्पतालले यस वर्ष रसिद नं. १ देखी ३६३५० सम्म जम्मा ७२७ ठेली रसिद छपाई गरी जिन्सी विवरण अनुसार पूरै खर्च देखाएको छ । तर अस्पतालका विभिन्न शाखाबाट प्रयोग भएका रसिदहरुको सँख्या ७३८ र निःशुल्क तर्फ २८ थान गरी जम्मा ७६६ थान प्रयोग भएको देखिन्छ । अस्पतालले रसिद नियन्त्रण खाताको प्रयोग गरी प्राप्त भएका र प्रयोग भएका रसिदहरुको उचित व्यवस्थापन नगर्दा वास्तवमा नगदी रसिद कति प्रयोग भयो भन्ने एकिन गर्न सकिएन । रसिद नियन्त्रण खाता प्रयोग गरी नगदी रसिदको प्रयोगलाई व्यवस्थित गर्ने तर्फ अस्पतालको ध्यान जानु पर्दछ ।

५. **आम्दानी तर्फ -** अस्पतालले यो वर्ष बिभिन्न १९ शीर्षकबाट आन्तरिक आम्दानी रु.६९,२८,५६०।– आम्दानी गरेको छ । उक्त रकम रसिद नं., मिति र शीर्षक समेत खुलाई आम्दानी बाँध्नु पर्नेमा अस्पतालले दैनिक रुपमा एकमुष्ट आम्दानी देखाएको छ । नगदी रसिद अनुसार आम्दानी नबाँधेका कारण नगदी रसिद र आम्दानी खाता भिडान गर्न सकिएन । भिडान गर्न नसकिएको कारणले उक्त आम्दानी रकम एकिन गर्न सकिने स्थिती रहेन ।

६. **फार्मेसी आम्दानी -** यस वर्षको कुल आम्दानी रु.१७,५८,१८६।– मध्ये रु.१७,४८,२५४।– खर्च भै रु.९,९३३।– मौज्दात बाँकी देखिएको छ । उक्त कारोबार रकम अस्पताल विकास समितिको कुल आय व्ययमा समावेश नगरी छुट्टै आय व्यय तयार गरेको छ । उक्त कारोवार समेत समावेश गरी एकमुष्ट आय व्यय तयार गर्नुपर्दछ ।

७. **आम्दानीको लेखा –** अस्पताल विकास समितिको खातामा गत वर्षको जिम्मेवारी रु.१२,४४,१०३।– र यो वर्षको आम्दानी रु.१,२९,२१,२७१।- समेत कुल आम्दानी रु.१,४१,६५,३७४।– देखाएकोमा रु.१,३०,७२,४१७।- खर्च भै रु.१०,९२,९५७।– मौज्दात बाँकी देखिएको छ । कुल आम्दानीमा प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषबाट प्राप्त रु.१०,००,०००।- आम्दानी देखाएको र सोही रकमबाट सापटी खर्च लेखिएको रु.२,५१,९१०।- पुन: आम्दानी देखाएको छ । एउटै रकम दोहोरो आम्दानी बाँधेकोले आय व्ययको यथार्थतापरक नदेखिएको हुँदा आय व्यय बिवरण यथार्थ हुने गरी तयार गर्नुपर्दछ ।

८. **मौज्दात रकम फिर्ता -** प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषबाट प्राप्त रकम रु.१०,००,०००।- मध्ये यस वर्ष रु.६,८१,९८५।- खर्च भै रु.३,१८,०१५।- बाँकी देखिएकोमा उक्त रकम अस्पताल विकास समितिको खातामा मौज्दात रहेको देखिन्छ । प्रधानमन्त्री दैवी प्रकोप उद्दारकोषबाट प्राप्त रकममध्ये खर्च नभएको बाँकी रकम फ्रिज गर्नु पर्नेमा फ्रिज नगरी अस्पतालको खातामा मौज्दात राखेको उक्त रकम फिर्ता गर्नुपर्दछ ।

९. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.३ लाखदेखि १० लाखसम्म सिलबन्दी दरभाउपत्र र नियम ३१ मा रु.१० लाखभन्दा बढीको खरिद गर्दा बोलपत्र माग गर्नुपर्ने व्यवस्था छ । तर अस्पतालले यस वर्ष बोलपत्र माग नगरी वर्षैभरी औषधी सोझै खरिद गरेको देखियो । सोमध्ये उदाहरण स्वरुप परीक्षण गर्दा ७ फर्मबाट रु.२१ लाख ९७ हजारको औषधी बिभिन्न मितिमा खरिद गरेको छ । कानुनको प्रावधान वितरित बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सोझै खरिद गरेको देखिएकोले यस्तो खरिद कार्य नियन्त्रण हुनुपर्दछ ।

१०. **धरौटी कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । अस्पताल भवन मर्मत वापत एक निर्माण सेवासँग २०७२।११।२३ मा रु.४,१९,९३१।- को सम्झौता भै रु.२,९९,०५३।- को बिल पेश भएको छ । उक्त बिलको रकम भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने ५% धरौटी वापतको रकम रु.१४५९३।- कट्टा गरेको छैन । त्यस्तै एक राशन सप्लायर्सलाई २०७२ माघ देखी २०७३ वैशाख मसान्त सम्मको खाद्य तथा आहार वापत रु.४,१९,७३९।- भुक्तानी गरेको छ । मु.अ.कर वाहेकको रु.३,७९,०१०।– को ५% ले हुने रु.१८,९५०।- कट्टी गर्नु पर्नेमा कट्टी गरेको देखिएन । नियममा व्यवस्था भए बमोजिम रकम कट्टा गरी धरौटी खातामा जम्मा गर्नुपर्दछ ।

११. **बिल भरपाई -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत अस्पताल सुदृढिकरण सम्बन्धी तालिममा सहभागी भए वापत भत्ता वितरण गरेकोमा भत्ता बुझि लिने सबै व्यक्तिहरुको उपस्थिति तथा भरपाई पेश भएको देखिएन । उपस्थित नभएका र भरपाई बेगर भुक्तानी दिएको रकम रु.५,१००।- असुल हुनुपर्दछ ।

१२. **दोहोरो भुक्तानी -** एक राशन आपूर्तिकर्तालाई २०७२ आश्विन २० देखी पौष मसान्तसम्मको खाद्य तथा आहार वापत रु.४,३३,०३४।- भुक्तानी भएको छ । निजलाई भौ.नं. ९/२०७२।६।२७ बाट

२०७२ भाद्र १ देखी आश्विन २१ सम्म ५२ दिनको खाद्य तथा आहार वापत रु.२,२६,७९०।– भुक्तानी गरेको देखिँदा आश्विन २० र २१ गरी २ दिनको प्रतिदिन रु.४,३६१।– ले हुने रु.८,७२३।– दोहोरो भुक्तानी भएकोले असुल हुनुपर्दछ ।

## जिल्ला कृषि बिकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दा वार्षिक खरिद गुरु योजना तयार नगरेको, खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्य नभएको, केही मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरेको, कार्यालयको निरीक्षण नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको जस्ता कमीकमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **पूंजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०.३ अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नु पर्ने व्यवस्था भएकोमा सो अनुसार कार्य नभएकोले स्वीकृत कार्यक्रम अनुसार अनुपातिक रुपमा खर्च भएको देखिएन । ब.उ.शि.नं. ३१२१२०४ मा रु.४० लाख ३८ हजार खर्च गरेकोमा दोस्रो चौमासिकमा केवल ५.९४ प्रतिशत र तेस्रो चौमासिकमा ९४.०६ प्रतिशत खर्च गरेको छ। सोमध्ये आषाढ महिनामा मात्रै ६७.३६ प्रतिशत खर्च भएको देखियो। समयमै ठेक्का सम्झौता गरी तोकिएको अवधिमा खर्च गर्नुपर्दछ ।

३. **अनुदान खर्च -** कार्यालयलाई यो बर्ष ७ बजेट उपशिर्षक अन्तर्गत बिभिन्न कार्यक्रम सञ्चालनका लागि बिभिन्न व्यक्ति तथा संस्थालाइ अनुदान दिने गरी रु.९ करोड २१ लाख ८४ हजार खर्च भएको छ । सोमध्ये ९६.२५ प्रतिशत खर्च अनुदानमा खर्च गरेको छ । अनुदान खर्चको नियमित एबं प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण भएको पाइएन । कार्यालयको लागि ६ वटा ब.उ.शि.नं.का कार्यक्रमहरुमा रु.१४ लाख ३१ हजार अनुगमन तथा मुल्यांकनमा खर्च भएको देखिन्छ। कृषकहरुलाई मल, बिउ, बिजन, प्रबिधि आदि, युवा लक्षित कार्यक्रम अन्तर्गत व्यवशायिक तरकारी खेती, अलैंचीको नयाँ क्षेत्र बिस्तार लगायतका कार्यक्रममा अनुदान खर्च लेखेको छ। तर अनुगमन मूल्यांकन कार्य नियमित र प्रभावकारी नहुँदा लक्षित बर्गले लाभ प्राप्त गरे नगरेको र उक्त अनुदान प्रभाबकारी भए नभएको निश्चित हुन नसक्ने भएकोले नियमित रुपमा अनुगमन तथा मूल्यांकन गरी प्रतिबेदन पेश हुनुपर्दछ ।

४. **न्यून प्रगति -** कार्यालयले उपलव्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार २ कार्यक्रममा न्युन प्रगति देखिएको छ । प्राप्त प्रगति बिवरण अनुसार भकारो सुधार कार्यक्रम ५६ प्रतिशत र प्रांगरिक मलमा अनुदान दिने कार्यक्रम ६७ प्रतिशत मात्र प्रगति गरेको छ। बजेट तथा कार्यक्रम समयमा प्राप्त नहुनु, ढिला गरी कार्यक्रम सञ्चालन हुनु जस्ता कारण न्यून प्रगति भएको देखिन्छ। तोकिएको लक्ष्य हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५. **सोधभर्ना भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ मा मालसामान खरिद गर्दा रु.३ लाखसम्म सोझै, रु. १० लाखसम्म सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम १२३(८) मा आपूर्तीकर्तालाई पच्चीस हजार रुपयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष खरिद गरेका कतिपय मालसामान तथा बिउबिजनहरु प्रतिस्पर्धा नगरी ५ कर्मचारीलाई रु.९ लाख १५ हजार पेस्की दिई खरिद गरेको छ। सोमध्ये केही सामानहरु जिल्ला सदरमुकामबाट खरिद गरिएको भएपनि सोझै पार्टीलाई भुक्तानी नगरी बिल प्राप्त भएपछि

कर्मचारीलाई सोधभर्ना दिने गरेको छ । यसरी पेश्की दिई तथा सोधभर्ना दिने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६. **गोठ निर्माण -** गोठ निर्माण र पुननिर्माण सहयोग कार्यबिधि २०७२ को परिच्छेद ३, बुदा नं. १ मा जिल्ला दैबि प्रकोप उद्धार समितीको समन्वयमा एउटा सानो अनुगमन समिती बनाइ संचालित निर्माण र पुननिर्माण कार्यको अनुगमन गर्ने र गराउने र फाराम बुदा नं. ५ मा सार्बजनिक सुनुवाई गरी कार्यक्रमको फोटो समेत अनिबार्य समाबेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यसबर्ष १७९४ वटा गोठ निर्माणको लागी प्रतिगोठ रु.२५ हजारका दरले रु.४ करोड ४८ लाख ५० हजारको कार्यक्रम स्वीकृत गरेकोमा १७९३ गोठ निर्माण भई रु.४ करोड ४८ लाख २५ हजार खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

६.१ २०७२ बैशाख १२ को बिनासकारी महाभुकम्पबाट प्रभावित जिल्लाका पशुपालक कृषकहरुको क्षति भएको गोठ निर्माणको लागि इच्छुक कृषक समूह, सहकारी संस्थाबाट १ महिनाको समय दिई २०७२।७।१५ मा सूचना टाँसी निबेदन माग गरिएकोमा कुल ५८ संस्था मार्फत जम्मा ३९५० वटा गोठ निर्माणको निबेदन दर्ता भएको देखिन्छ । सोमध्ये जिल्ला दैबि प्रकोप उद्धार समितीको बैठकले एकमुष्ट कुल संख्यागत रुपमा १७९४ वटा गोठ छनौंट गर्ने निर्णय गरेको आधारमा कार्यालयले कार्यक्रम सञ्चालन गर्न ५६ संस्थालाई छनौट गरेको देखियो । गोठ निर्माण गर्ने लाभग्राही संख्या छनौटको मूल्यांकन गर्दा जिल्लाका ६० गाबिस र २ न.पा.मध्ये २१ गाबिस र २ न.पा.का कृषकहरुलाई मात्र छनौट गरेको देखियो । सोमध्ये भूकम्पबाट कम प्रभावित र जिल्ला सदरमुकाम आसपासका गाबिसहरु ताप्लेमा ७३, छोप्राकमा १४०, खोप्लाङमा १०७, मसेलमा १२४, ताकुकोटमा ११६, मनकामनामा १०५, बुंकोटमा ४९, जौवारीमा ८२ र २ नगरपालिका पालुङटार न.पा.मा ३४६ र गोरखा न.पा.मा १९२ जना कृषकहरु छनौट गरी रु.२५ हजारका दरले रकम बितरण गरेको छ । भूकम्पबाट अति प्रभावित गाबिसका कृषकहरुले सो सुविधा प्राप्त गर्न सकेको देखिएन ।

६.२ कार्यालयले कम्तिमा ३ वटा गाई वा भैसी पाल्ने कृषकहरुको गोठ निर्माणमा मात्र सो अनुदान दिने गरी निवेदन माग गरिएकोले भूकम्पबाट अति प्रभावित, गरीव तथा सिमान्तकृत कृषकहरु उक्त सुविधाबाट बञ्चित भएको देखियो ।

६.३ कार्यबिधि अनुरुपको अनुगमन समिती गठन र सार्बजनिक सुनुवाइ गरि फोटो समेतको बिबरण पेश गर्नु पर्ने व्यवस्थाको पालना भएको पाइएन । साथै उक्त कार्य सम्पन्न गरेपछि तयार गरेको प्रतिबेदनमा समेत गोठ निर्माण गर्ने कृषकको नाम मात्र समाबेश गरिएको हुदा सो को प्रभाबकारिता यकिन गर्न सक्ने अबस्था रहेन ।

७. **अनुगमन –** यस कोषमा बार्षिक रु.२७ लाख ५० हजारको कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त भएकोमा मिती २०७३।२।३१ मा बसेको जिल्ला कृषि बिकास समितीको बैठकको निर्णयले बिभिन्न १८ वटा सहकारी संस्थाहरु छनौंट गरि १७ वटा सहकारी संस्थाहरुलाई २०७३।३।२ मा सम्झौता गरि रु.२६ लाख ५० हजार भुक्तानी गरेको छ । छनौट भएकामध्ये एक सँस्थासंग सम्झौता हुन सकेको देखिएन । कार्यक्रम अनुसार साझेदारीमा तरकारी बिरुवा उत्पादन सम्बन्धि कार्यको व्यवसाय संचालन गरे नगरेको सम्बन्धमा नियमित रुपमा पहिलो पक्षले अनुगमन गर्ने बुदा नं. २ मा उल्लेख भए बमोजिम सो को प्रभाबकारी रुपमा अनुगमन हुनुपर्दछ ।

८. **अलैंची बिरुवा बितरण –** यस कार्यक्रम अन्तर्गत १० हेक्टर जमिनमा अलैचीको नयां क्षेत्र बिस्तारका लागि बार्षिक रु.९ लाख ५० हजार बजेट स्वीकृत भएकोमा कार्यालयले २०७३।३।१० मा ५० प्रतिशत मूल्य अनुदानमा १५३३३३ अलैचीको बिरुवा बितरण गर्न प्रति बिरुवा रु.१२ का दरले रु. १८,९९,९९९।- को लागत अनुमान तयार गरेको छ । कार्यालयले रु.९,४९,९९९।- व्यहोर्ने गरी तयार गरेको लागत अनुमान बमोजिम बिरुवा खरिद बापत हंसपुर ४ को एक सहकारी संस्था लिमिटेडलाई रु.९,४९,९९८।- भुक्तानी गरेको छ । यसरी कार्यक्रम सञ्चालन गर्दा बिस्तार गरिने

सम्भाव्य क्षेत्रको बिस्तृत अध्ययन तथा सर्भेक्षण नगरी बिरुवा खरिद गरि बितरण गर्दा पाउनुपर्ने कृषकले बिरुवा पाएको र बितरण गरेको बिरुवाको सहि सदुपयोग भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अबस्था देखिएन । कार्यालयबाट यस कार्यक्रमको अनुगमन गरि यसको प्रभाबकारिता सम्बन्धमा कुनै प्रतिबेदन समेत दिएको देखिएन ।

९. **अनुदान खर्च** – कृषि बिभागको २०७२।४।१८ को अख्तियारीमा पुरानो बगैचा व्यवस्थापन तथा औजार बितरणमा कार्यालयले अनुदान ५० प्रतिशत उपलब्ध गराई बांकी ५० प्रतिशत कृषक समूहले व्यहोर्ने उल्लेख छ । कार्यालयको २०७२।१०।८ को स्वीकृत लागत अनुमान अनुसार प्रति हेक्टर बगैंचा व्यवस्थापनका लागि रु.५३,६६२।– लाग्ने उल्लेख छ । उक्त स्वीकृत लागत अनुमानको आधारमा कार्यालयले ५० प्रतिशत मात्र अनुदान व्यहोर्नुपर्नेमा पुरै रकम भुक्तानी दिएको पाइयो । यस कार्यक्रमबाट ५ कृषक समूह वा सहकारी संस्थाहरुको ६० हेक्टर जमिनमा रु.३२,१९,७५०।– को लागत अनुमान तयार गरेको र सोमध्ये स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशतले हुने रु.१६०९८७५।– मात्र अनुदान दिनुपर्नेमा कार्यक्रम संशोधन बेगर पुरै रकम सम्झौता गरी रु.३० लाख अनुदान दिएको देखिएकोले स्वीकृत कार्यक्रमभन्दा रु.१३९०१२५।–बढी अनुदान दिएको रकम नियमसम्मत देखिएन । कार्यक्रम अनुसार कुल लागतको ५० प्रतिशत मात्र कार्यालयले अनुदान दिनुपर्दछ ।

१०. **कार्यसञ्चालन कोष** – गत बर्षको जिम्मेवारी रु.३९८५०।– र यो बर्ष मत्स्य बिकास निर्देशनालयबाट प्राप्त रु.७ लाख ३५ हजार, जिबिसबाट प्राप्त रु.५ लाख ७६ हजार, खाद्य सुरक्षा सञ्जालबाट प्राप्त रु.३९८५०।– र प्याक्टबाट प्राप्त रु.१ लाख समेत जम्मा रु.१४९०७००।– आम्दानी देखाएकोमा पुरै रकम खर्च भएको आर्थिक बिबरण पेश भएको छ । सोमध्ये जिबिसबाट प्राप्त रकम रु.५ लाख ७६ हजारको स्रेस्ता जिबिसको लेखापरीक्षणको क्रममा पेश भएकोले लेखापरीक्षण सम्पन्न गरिएको छ भने बाँकीको स्रेस्ता लेखापरीक्षणको लागि पेश भएन । कार्यालयले उक्त स्रेस्ता सम्बन्धित निकायमा पठाएको जानकारी दिएको छ ।

## जिल्ला जनस्वास्थ कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था र सोको कार्यान्वयनको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, रु.२५ हजारभन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरेको, सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ बमोजिम मातहत कार्यालयको निरीक्षण नगरेको, कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी बाँडफाँड नगरेको, बार्षिक कार्यसम्पादन प्रतिबेदन (म.ले.प.फा.नं. २११) तयार नगरेको, धरौटीको व्यक्तिगत खाता नराखेको, कतिपय जिन्सि सामानको मूल्य नखुलाएको, कार्यक्रमगत खाता र पेस्की खाता नराखेको, रसिद नियन्त्रण खाता नराखेको, कार्यालय र अन्तर्गतका स्वास्थ्य सँस्थाहरुमा जम्मा ७३ दरबन्दी रिक्त रहेकोमा पदपूर्ति नगरेको, तलबी प्रतिवेदन पारित नगराई यस बर्ष कार्यालयले रु. ८,३८,७३,७३६/- तलब खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अनुदान खर्चको अनुगमन –** यो बर्ष ३ बजेट उपशिर्षक अन्तर्गत बिभिन्न कार्यक्रम सञ्चालनको लागि स्वीकृत बजेटबाट रु.५८ लाख ६३ हजार व्यक्ति तथा संस्थालाइ अनुदान दिएको छ । उक्त अनुदान रकमको नियमित रुपमा अनुगमन गरी प्रतिबेदन तयार गरेको पाइएन । अनुगमन तथा मुल्यांकन कार्यमा यस बर्ष रु.४ लाख ४६ हजार खर्च गरेको छ । तर सम्बन्धित कार्यक्रमको अनुगमन गरी प्रतिबेदन तयार गर्नुपर्दछ ।

३. **पेस्की व्यवस्थापन -** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ७४ मा सम्बन्धित कामको लागि आबश्यक पर्ने रकमभन्दा बढी नहुने गरि पेश्की लिने र दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ । कार्यालयले एउटा पेश्की फछ्र्यौट नै नभई पुनः अर्को पेश्की दिने गरेको, कार्यक्रम सञ्चालन समाप्त भई आर्थिक बर्षको अन्तमा फछ्र्यौट नगरेको, बांकी रकम बैंक दाखिला नगरेको र जिल्ला भरिका ६९ स्वास्थ केन्द्रमा ९ दिनभित्र कार्यक्रम सम्पन्न भएको देखाई आर्थिक वर्षको अन्तमा फछ्र्यौट गरेको छ । २०७३ आषाढ मसान्तसम्म बाँकी रहेको पेश्की रु.८,६२,८००।– मध्ये रु.७,४५,०००।– मिति २०७३।४।२६ मा बेरुजु खातामा दाखिला गरी फछ्र्यौट गरेको देखिए पनि रु.११७,८००/- बाँकी पेश्की कार्यक्रम सम्पन्न भए तापनि फछ्र्यौट नभएकाले नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ । आर्थिक बर्षको अन्तमा मात्र फछ्र्यौट हुने र पुरानो कार्यक्रमको पेश्की फछ्र्यौट नहुदै अर्को पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४. **औषधी खरिद –** कार्यालयको लागि आवश्यक औषधी खरिद गर्न ८० आइटम औषधीको रु.२८७१७०१।– को लागत अनुमान तयार गरी २०७२।८।१५ मा बोलपत्र माग गरेको थियो । उक्त खरिद कार्यमा २२ वटा बोलपत्र फाराम बिक्री भई १५ दर्ता भएकोमा ७ फिर्ता भएको र बाँकी रहेको ८ मध्ये सवभन्दा घटीवाला गौतम मेडिको फर्माको रु.१०१६०९२।– को बोलपत्र स्वीकृत गरी २०७२।९।– मा सम्झौता भएको देखियो । आपूर्तिकर्ताले सम्झौता बमोजिम रु.१००३२६४।– को औषधी २०७२।१२।१७ मा आपूर्ति गरेको छ । औषधी खरिद सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४.१ सम्झौतामा थप औषधी तथा सर्जिकल सामान आवश्यक परेमा कबोल गरेको दररेटमा खरिद गर्न सकिने व्यवस्था गरेकोले कार्यालयले सम्झौता अनुसारको औषधी खरिद गरिसकेपछि पुनः २०७३।१।२६ मा रु.१६९६३५०।–को थप औषधी सोही आपूर्तिकर्ताबाट स्वीकृत ठेक्का दररेटकै आधारमा खरिद गरेको छ । थप खरिद गरेको औषधीको भेरिएशन आदेश जारी गरेको छैन । साथै थप खरिद गरेको औषधीको प्राविधिक जाँच गरेको प्रतिवेदन संलग्न छैन । खरिद गरिएको औषधिको प्राविधिक जाँच गर्नुपर्दछ ।

४.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा प्रथम चौमासिकभित्र ठेक्का सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रा.स्वा.के., स्वा.चौ., उप स्वा.चौ. एबं पटके शिबिरमा तथा बिशेष कार्यक्रमको लागि आवश्यक औषधिको बिबरण तयार गरि मागको आधारमा आर्थिक बर्षको शुरुमा नै आपूर्ती व्यवस्थापन गरिनुपर्नेमा सो गरेको देखिएन । बर्षभर आवश्यक परिमाण यकिन गरी बर्षको शुरुमा नै खरिद व्यवस्थापन गर्नुपर्दछ ।

४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) अनुसार बिल भुक्तानी गर्दा ५ प्रतिशत धरौटी कट्टी गर्नु पर्नेमा कार्यालयले एक फर्माबाट २०७२।१२।१७ मा रु.१००३२६४।– र २०७३।१।२६ मा रु.१६९६३५०।– समेत रु.२६९९६१४।– को औषधी खरिद गर्दा नियमानुसार ५ प्रतिशतले हुने रु.१३४९८०।– धरौटी कट्टी गरेको देखिएन । नियमानुसार धरौटी कट्टी गरी भुक्तानी गर्नुपर्दछ ।

५. **दर्ता शुल्क अनुदान -** बार्षिक कार्यक्रम अनुसार जिल्लामा प्रा.स्वा. केन्द्र, स्वास्थ चौकी, उपस्वास्थ चौकीमा बिरामी दर्ताको आधारमा अनुदान उपलव्ध गराउने व्यवस्था छ । टिकट छपाई र दर्ता शुल्क बापत स्वास्थ संस्थालाई उपलव्ध गराउने निःशुल्क स्वास्थ्य सम्बन्धी नीति बमोजिम संस्थामा आएका बिरामी दर्ताको अनुपातमा टिकट अनुदान रकम निकासा गर्नुपर्ने व्यबस्था छ । कार्यालय अन्तर्गत सञ्चालित ७५ स्वास्थ्य संस्थालाई यो बर्ष जम्मा रु.१५,९८,६९०।– अनुदान बितरण गरेको छ । उक्त रकम बिरामी दर्ताको अनुपातमा बितरण नगरी अनुमानित दरमा बैंक जम्मा गरेको छ । यस्तो प्रकृयामा सुधार गर्नुपर्ने र सो को नियमित अनुगमन गर्नुपर्ने देखियो ।

६. **सोभ्कै खरिद -** सार्बजनिक खरिद नियमाबली, २०६४ मा रु. २५ हजारभन्दा बढीको सामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, ३ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोभ्कै, रु.१० लाखसम्म सिलबन्दी दरभाउ पत्र लिई र सोभन्दा बढी बोलपत्रको माध्यमबाट खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले एक फर्निचर उद्योगबाट रु.५,३७,८००/-को फर्निचरका सामान लागत अनुमान तयार नगरी ४ पटकमा सोभ्कै खरिद गरेको छ । उक्त सामान सबै २०७३।२।२५ मा जिन्सी दाखिला गरेको छ । नियमानुसार प्रतिस्पर्धा गरी खरिद गर्नुपर्दछ ।

७. **अन्य कार्यालयको खर्च –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) विपरित छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका आँप पिपल अस्पताललाई छुट्टै अख्तियारी प्राप्त हुने भए पनि यो बर्ष उक्त अस्पताललाई मातृ शिशु प्रोत्साहन कार्यक्रम अन्तर्गत सुत्केरी प्रोत्साहन भत्ता वापत सेवा ग्राहीले पाउने यातायात खर्च र सँस्थाले पाउने अनुदान रकम समेत रु.६,३९,७००/- भुक्तानी गरेको छ ।

८. **बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । काठमाण्डौको एक ईन्टरप्राइजेज्संग न्यानो भ्कोला प्रति थान रु.७७९।- का दरले ८६५ थान खरिद गर्ने गरी सम्झौता गरेकोमा उक्त फर्मले २०७३।२।४ मा प्रति थान रु.७८९।– का दरले बिल पेश गरेको हुँदा सम्झौतामा उल्लेखित दर भन्दा रु.१०।- बढी भुक्तानी भएको देखिएकोले ८६५ थानको मु.अ.कर समेत बढी भुक्तानी भएको रु.९७७५।- असुल हुनुपर्दछ ।

९. **तालिम सञ्चालन -** CB-IMNCI तालिम सञ्चालन गर्न एक कर्मचारीलाई रु.३९,००,०००।– पेस्की दिइएकोमा भौं. नं. १८२ मिति २०७३।३।३१ मा रु.३१,५५,०००।– र बांकी रु.७४५०००।– मिति २०७३।४।२४ मा बेरुजु खातामा दाखिला गरी पेश्की फछ्र्यौट गरेको छ । पेस्की फछ्र्यौट गर्दा नगद परीचालन गरेको रकममा छानबिन गरी व्याज असुल गर्नुपर्दछ ।

स्वीकृत कार्यक्रमको बुदा नं.७ मा १ दिने बालमैत्री परिचालनका लागि बिद्यालय अभिमुखिकरण कार्यक्रममा १७ वटा स्वास्थ्य चौकीको कार्यक्रम सञ्चालन गरी रु.१,६१,९५०।– खर्च गरेको छ । स्वीकृत कार्यक्रम अनुसार प्रत्येक सहभागी बिद्यार्थीलाई रु.१०० का दरले खाजा खर्च दिइएको छ । कम उपस्थित भए पनि बढी भर्पाई पेश गरी पेस्की फछ्र्यौट गरेकोले रु.४१,२००/- असुल हुनुपर्दछ । त्यस्तै पेश्की फछ्र्यौट गर्दा पेश भएको बिल भर्पाई परीक्षण गर्दा बिल भर्पाईभन्दा बढी भुक्तानी भएको रु.१८४००।– असुल हुनुपर्दछ ।

१०. **खर्चको नर्मस् –** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिकामा तालिम, सेमिनार, गोष्ठी, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । उक्त दरभन्दा बढी खर्च गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्ने प्रावधान छ । कार्यसञ्चालन निर्देशिकाको दर र दातृ निकाय वा सँस्थाले तोकेको दरमा ठुलो अन्तर रहेको पाइयो । कार्यालयले बिभिन्न कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकामा तोकेको दर प्रयोग नगरी सम्बन्धित सँस्थाको दर अनुसार भुक्तानी गरेको कारण रु.६,१०,३५०।– बढी खर्च भएको रकम असुल हुनुपर्दछ ।

११. **असम्बन्धित खर्च -** जौवारी, दरवुङ्ग र धुँवाकोटमा २०७३/३/२३ देखी ३/२५ सम्म निःशुल्क शिविर संचालन गर्न भौ.नं. १०/०७३।३।२९ बाट लिएको पेश्की रु.७६००००।- फछ्र्यौट गर्दा निःशुल्क स्वास्थ्य शिविर संचालनसँग सम्बन्धित नरहेको कार्यको लागि बिभिन्न ९ जना व्यक्तिलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिएकोले कार्यक्रमसँग असम्बन्धित उक्त खर्च नियम सम्मत देखिएन ।

१२. **पेश्कीको लेखांकन -** एक कर्मचारीले लिएको पेश्की रु.२ लाख ७३ हजार २०७३।३।२१ मा भौ.नं. ४ र ५ बाट रु.५,०१,६९०।– को बिल पेश गरी फछ्र्यौट गरेको र रु.२,२८,६९०।– सोधभर्ना भुक्तानी लिएको देखियो । सोधभर्ना माग गरेकोमध्ये रु.१५,७५०।– को बिल भर्पाइ नपुग भएकोले

कार्यालयले उक्त रकम पेस्की बांकीमा परिणत गरेको पाइयो । यस बर्षको क्षयरोग नियन्त्रण कार्यक्रम नै समाप्त भैसकेको भनि प्रतिबेदन दिई सकेको अवस्थामा बिल भर्पाइ नपुगेको उक्त रकम पेस्कीमा कायम गर्नु लेखाको सिद्धान्त बिपरित देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१३. **अबकाश प्राप्त कर्मचारीलाई तलब -** निजामती सेवा ऐन, २०४९ अनुसार तलब भत्ता खर्च लेख्दा कार्यरत अबधिको मात्र भुक्तानी गरी खर्च लेख्नुपर्नेमा यो बर्ष अवकाश प्राप्त ४ कर्मचारीहरुलाई अबकाश पछि पनि रु.६७,२६५।–तलब भत्ता भुक्तानी गरी खर्च लेखेकाले उक्त रकम असुल हुनुपर्दछ ।

१४. **दोहोरो तलब भत्ता -** एक चिकित्सकलाई २०७२ फागुनको तलब भत्ता भुक्तानी गर्दा पौषको छुट समेत भनी रु.९१,२९९।– भुक्तानी गरेको छ । निजलाई पौष महिनाको तलब सोही महिनाको तलबी भर्पाईमा भुक्तानी गरेको देखिएकोले फागुन महिनामा पाउने रु.३८,०३२।– घटाइ बाँकी हुने रु.५३,२६७– बढी भुक्तानी भएकोले असुल हुनुपर्दछ ।

१५. **हाजीरी नभएका कर्मचारीहरुलाई तलब -** निजामती सेवा ऐन, २०४९ को दफा २७ अनुसार बहाली भएको दिनदेखि तलब भत्ता पाउनेमा हाजिरी नै नभएका ३ कर्मचारीहरुलाई रु.८२८९४।– भुक्तानी गरेकोले उक्त रकम खर्च लेख्ने पदाधिकारीबाट असुल हुनुपर्ने देखियो ।

१६. **सरुवा भएका कर्मचारीलाई तलब -** कार्यालयको च.नं. ३५७ मिति २०७२।६।२० को रमानापत्र अनुसार जुटपानी प्रा.स्वा. केन्द्र, चितवन सरुवा हुनु भएकी एक अ.न.मी.लाई २०७२।६।११ देखि लागु हुने गरी रमाना दिएको र सो रमानापत्रमा निजले २०७२ भाद्र मसान्तसम्मको तलब भत्ता लिएको उल्लेख छ । निजको नाममा यस कार्यालयबाट रमानापछि पनि २०७२ आश्विनको रु.४३,१४२/- तलब भत्ता खर्च लेखेको देखिएकाले खर्च लेख्ने पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

१७. **भर्पाइ बेगर खर्च -** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) बमोजिम बिल भर्पाइ नराखी खर्च लेख्न नमिल्नेमा कार्यालयले कार्यालयले ५ कर्मचारीहरुलाई बुझेको भर्पाई बेगर तलब भत्ता खर्च लेखेको पाइयो । भर्पाई बेगर खर्च लेखेको उक्त रकम सम्बन्धितले बुझेको भर्पाई पेश गर्ने अन्यथा असुल हुनुपर्दछ ।

१८. **दोहोरो निर्बाह भत्ता -** मिति २०७२।२।१७ बाट यस कार्यालयमा हाजिर हुनु भएकी एक अ.हे.ब.लाई २०७३ जेष्ठ र आषाढको निर्बाह भत्ता बापत भौं. नं. १० मिति २०७३।३।१९ बाट रु.१६४१६।– भुक्तानी गरेको छ। निजलाई भौं. नं.९।२०७३।३।२ बाट समेत जेष्ठको निर्बाह भत्ता रु.११,४००।– समेत भुक्तानी भएकाले कर कट्टी बाहेकको दोहोरो भुक्तानी भएको रु.११२८६।- असुल हुनुपर्दछ ।

## कार्य संचालन कोष

१९. **पेस्की -** कार्यालयले एक कर्मचारीलाई २०७३।३।१० मा कार्यक्रम सञ्चालन गर्न दिएको पेस्की रु.७,५९,२८०।- आर्थिक बर्षको अन्तसम्ममा फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

२०. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक रकम भुक्तानी गर्दा उक्त ऐनको अनुसूची १ मा उल्लेखित दरमा पारिश्रमिक कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले जिल्ला पोषण तथा सामाजिक परिचालकलाई पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टि गरेको देखियो । नपुग पारिश्रमिक कर रु.२२,५००।-रकम सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्दछ ।

२१. **पेश्की फछ्र्यौट –** दादुरा रुवेला खोप कार्यक्रम संचालन गर्न गत वर्ष एक कर्मचारीलाई दिएको पेश्की रु.४०,२४,७०५।- मध्ये रु.३४,२३,३००।- को बिल भर्पाई र रु.६,१५,०६५।- दाखिला गरी पेश्की फछ्र्यौट गरेको छ । उक्त पेश्की फछ्र्यौटको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२१.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । भौ.नं. १६/०७२।९।२२ बाट एक कर्मचारीको पेश्की फछ्र्यौट गर्दा रु.७२,३६५।– को कम बिल भपाई पेश गरी पेश्की फछ्र्यौट गरेको छ । बिल भपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

२१.२ कुनै पनि व्यक्ति वा फर्मबाट कट्टा गरेको कर रकम आयकर ऐन, २०५८ को दफा ९० अनुसार सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ । कार्यालयले रु.१,४४,८७१।- आयकर कट्टी गरेकोमा रु.१,१९,८०५।- मात्र राजस्व खातामा दाखिला गरेको देखिएकोले बाँकी कर रकम रु.२५,०१२।- यथाशिघ्र राजस्वमा दाखिला हुनुपर्दछ ।

२१.३ क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत रु.४,९०,०००।– को सक्कल श्रेस्ता राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रमा पठाएको भनी लेखापरीक्षणको लागि पेश भएन ।

२२. **निशुल्क औषधि -** नेपाल सरकारले निशुल्क वितरण गर्ने भनी तोकेका औषधिहरुमा “निशुल्क वितरणका लागि” उल्लेख हुनुपर्ने व्यवस्था छ । निरीक्षणको क्रममा विभाग/क्षेत्रवाट प्राप्त र बिभिन्न संघ सँस्थाबाट प्राप्त भएको औषधिमध्ये कतिपय औषधीमा सो प्रावधान बमोजिम निशुल्क वितरणका लागि भन्ने उल्लेख भएको देखिएन । निर्देशिकाको परिपालना हुनुपर्दछ ।

२३. **औषधिको म्याद -** स्वास्थ्य केन्द्र तथा चौकीहरुले म्याद सकिनु अगावै प्रयोग गर्ने गरी औषधी व्यवस्थापन गर्नुपर्नेमा यो वर्ष केन्द्र तथा क्षेत्रवाट प्राप्त भएका औषधिहरुमध्ये नमूना परीक्षण गर्दा ५ प्रकारका औषधिहरु म्याद गुज्रेको पाइयो । ती औषधीहरु नष्ट गरेको छैन । जनतालाई आवश्यक पर्ने औषिधिहरु समयमै प्रयोग हुने व्यवस्था मिलाउनुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा समयमा खर्च गर्ने अख्तियारी प्राप्त नभएको, नियमानुसार खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख गरिएका सामानहरु तोकिएको अवधिमा मर्मत र लिलाम नगरेको, कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी बाँडफाँड नगरेको जस्ता व्यहोरा देखिएका छन् । त्यस्तै कार्यालयको नाममा रहेको पुलको लठ्ठा तान्ने टाइपर मेशिन २०६७।२।२ देखी एक निर्माण व्यवसायीको जिम्मामा रहेकोमा फिर्ता हालसम्म फिर्ता नगरेको जस्ता व्यहोरा देखिएका छन् । कानूनको व्यवस्था पूर्ण पालना गरी आन्तरीक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्दछ ।

२. **चौमासिक खर्च -** स्वीकृत वार्षिक कार्यक्रममा प्रत्येक चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र बजेट उल्लेख गरिएको छ । कार्यालयले यो बर्ष कुल पुंजीगत बजेट रु.२ करोड ६५ लाख ४० हजार मध्ये तेस्रो चौमासिकमा मात्र रु.२ करोड ६० लाख ८ हजार (९८ प्रतिशत) खर्च गरेको देखियो । असार महिनामा मात्र रु.१ करोड ७६ लाख ५ हजार (६६ प्रतिशत) खर्च गरेको देखियो । स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम चौमासिकभित्र खरिद सम्झौता नगरेको र निर्माण व्यवशायीहरुलाई कार्यतालिका अनुसार कार्य सम्पन्न गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । लक्ष्य अनुरुप निर्माण कार्य गराई खर्च गर्नुपर्दछ ।

३. **न्यून प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २४(ङ) मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । प्राप्त बिवरण अनुसार ४ वटा ठेक्काको लागि ३९ वटा बोलपत्र बोलपत्र फारम बिक्री भएकोमा १० वटा बोलपत्र मात्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा २५.६४% प्रतिशत मात्र दाखिला भएको छ । त्यस्तै जम्मा ४ निर्माण कार्यको लागि रु.८६ लाख

६० हजारको लागत अनुमान तयार गरी बोलपत्र आह्वान गर्दा रु.८६ लाख १ हजार बोलपत्र स्वीकृत गरेकोमा ०.१३ देखी ४.११ (औषतमा ०.६८) प्रतिशत घटीमा सम्झौता भएको देखिन्छ । बोलपत्र खरिद र दाखिलाको अनुपात न्यून हुनु र लागत अनुमानको शतप्रतिशतमा खरिद सम्झौता भएको कारण न्यून प्रतिस्पर्धा भएको देखियो ।

४. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष रु.१३७९४९२।-कन्टिन्जेन्सी खर्च गरेकोमा सो अनुसार अनुपात मिलाई कन्टिन्जेन्सी खर्च गरेको देखिँदैन । साथै योजनागत खर्च देखिने गरी कन्टिन्जेन्सीको खाता समेत तोकिएको ढाँचामा राखी प्रमाणित गर्ने गरेको छैन । कन्टिन्जेन्सी एकमुष्ट राख्ने गरेको र सम्बन्धित निर्माण कार्यमा मात्र खर्च गर्ने गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा सो अनुसार अभिलेख राखेको पाइएन । यसरी सम्बन्धित योजनामा तोकिएको अनुपातमा खर्च गर्न सकिने गरी अभिलेख राखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५. **मुल्य अभिवृद्धि कर भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस कार्यालयले बिभिन्न निर्माण कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउँदा माटो खन्ने कामका लागि मेशिनको भाडा दर प्रयोग गरेको छ । मेशिनको भाडा दरमा मुल्य अभिवृद्धि कर (प्रति घ.मि.नरम माटोका लागि रु.४.६७, कडा माटोका लागि रु.५.७२ र नरम चट्टानका लागि रु.७.९२) थप गरी दर विश्लेषण गरेको देखिन्छ । मुल्य अभिवृद्धि कर बाहेक मेशिनको भाडा दर समावेश गरी दर विश्लेषण गर्नु पर्नेमा भाडा दरमा मु.अ.कर समावेश गरी दर विश्लेषण गरेको र सोही आधारमा खरिद सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिम निर्माण कार्यको बिल भुक्तानी गर्दा पुरै मुल्य अभिवृद्धि कर समावेश गरेको मेशिनको कर बिजक समेत पेश गरेको देखिँदैन । कर बिजक पेश नगरी कार्यालयबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि कर सम्बन्धित उपभोक्ता समितिबाट रु.२४,१५५।- असुल गर्नुपर्दछ ।

६. **फलामे छडको प्रयोग –** कार्यालयले गा.वि.स. भवन निर्माणको लागत अनुमान तयार गर्दा प्रयोग हुने फलामे डण्डीको विस्तृत ड्रइङ डिजाइन तथा बार सेड्यूल तयार गरी स्ल्याव, पिलर, विम, लगायतको आर.सि.सि.कार्यमा प्रयोग हुने डण्डीको परिमाण हिसाव गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो अनुसार नगरी सिमेण्ट कंक्रिट कार्य परिमाणमा प्रतिशतको आधारमा डण्डीको परिमाण कायम गरेको छ । उदाहरणको रुपमा बुङ्कोट र उहिया गा.वि.स.मा सिमेण्ट कंक्रिटको काम १८७८.०२ घ.फि. रहेकोमा डण्डीको परिमाण फाउण्डेशनमा सिमेन्ट कंक्रिट ८१८ .९१ घ.फि.को १% ले हुने १८२०.५७ के.जि., पिलरमा सिमेन्ट कंक्रिट १८४ घ.फि. को २% ले हुने ८१८.१३ के.जी., बिममा सिमेन्ट कंक्रिटको काम २१२.६३ घ.फि. भएकोमा २% ले हुने ९४५.४२ के.जी. र स्लावमा सिमेन्ट कंक्रिटको काम ६८७.६८ घ.फि. रहेकोमा १% ले हुने १५२८.८३ के.जी. समेत जम्मा ५११२.९५ के.जी. खपत हुने गरी लागत अनुमान तयार गरेको छ । विस्तृत ड्रइङ बेगर डण्डीको परिमाण प्रतिशतको आधारमा कायम गर्दा डण्डीको प्रयोग यथार्थ नहुने हुदा ड्रइङ डिजाइन र प्रयोगको आधारमा भुक्तानी गर्नुपर्दछ ।

७. **अग्रिम भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले एक घरधनीलाई घरभाडा वापत २०७३ श्रावण र भाद्र महिनाको भाडा वापत रु.५०,०००।- अग्रिम

भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्त्यमा पेश्की नजनाई आगामी आर्थिक वर्षको दुई महिनाको घरभाडा भुक्तानी दिएको रकम पेश्की जनाउनु पर्दछ ।

८. **पेश्की -** बिभिन्न निर्माण व्यवसायीको नाममा रहेको रु.५,७०,०००।– मोविलाईजेशन पेश्की फछ्र्यौट भएको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बजेट बाँडफाँड -** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड गर्नुपर्ने र अवण्डाको रुपमा एकमुष्ट बजेट राख्न नपाइने व्यवस्था भएतापनि २०७२।७३ को लागि परिषदबाट स्वीकृत बजेट तथा कार्यक्रममध्ये खानेपानी तथा सरसफाई कार्यक्रममा प्राविधिक प्रतिवेदनका आधारमा खर्च गर्ने गरी ६० कार्यक्रमको लागि एकमुष्ठ रु.४५ लाख र झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको पूर्वाधार बिकासमा १५ वटा झोलुङ्गे पुल मर्मतको लागि एकमुष्ठ रुपमा रु.३६ लाख ८१ हजार बजेट व्यवस्था गरेको छ। परिषदले योजनागत रुपमा बजेट तयार नगरी बोर्डको बैठकबाट बजेट व्यवस्था गरी खर्च गरेको देखिएकोले नियममा तोकिएवमोजिम योजनागत तथा कार्यक्रमगत बजेट बांडफांड गरिनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्यांकन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्च लेख्दा भ्रमण अभिलेख नराखेको र भ्रमण प्रतिवेदन नलिएको, स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका पुराना सामानको समयमै मर्मत संभार र लिलाम बिक्री नगरेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, मुल्य अभिबृद्धि कर लाग्ने सामान खरिद गरेकोमा सोको जानकारी आन्तरिक राजस्व कार्यालयलाई नदिएको निर्माण सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि उक्त कार्यको लागि प्राप्त श्रम, नगद वा जिन्सी समेतको कुल खर्च बिवरण सार्वजनिक परीक्षण सहित अभिलेख व्यवस्थित गरी राखेको नपाइएको, सञ्चालित कार्यक्रमहरुको सुपरीवेक्षण र अनुगमन कार्ययोजना तालिका बनाई नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन नगरेको, कार्यालयले रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं.७), राजस्व आम्दानीको दैनिक नगद प्राप्त खाता (म.ले.प.फा.नं.१०८क) र राजस्व आम्दानीको दैनिक बैङ्क भौचर खाता (म.ले.प.फा.नं.१०८ख) नराखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्दछ ।

३. **योजना सञ्चालन –** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका, २०६९ को बुदा नं. ११(२) रु.५ लाखभन्दा माथीका आयोजना मात्र जिल्ला बिकास समितिबाट संचालन गर्नुपर्नेमा सोभन्दा कमका २०३ योजनामा रु.२ करोड ९२ लाख १६ हजार विनियोजन तथा खर्च गरेको देखियो। यस बर्ष बिभिन्न १९ बजेट शिर्षकबाट जम्मा ४१४ योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य राखिएकोमा ३७७ योजनाको सम्झौता भएको र सोमध्ये ३६४ सम्पन्न भएका छन्। ३७ वटा योजनामा उपभोक्ता समितिसँग सम्झौता नभएको र सम्झौता भएकोमध्ये ११ वटा सम्पन्न हुन बाँकी छ। तोकिएको रकमभन्दा कमका योजना सवीकृत नगर्ने र स्वीकृत योजना समयमै सञ्चालन गरिनुपर्दछ ।

४. **ठेक्का सम्झौता –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। तर उक्त कार्यहरु प्रथम चौमासिक अवधिमा सम्पन्न नगरी वर्षैभरी लागत अनुमान स्वीकृत गर्ने र ठेक्कापट्टा स्वीकृत गर्ने गरेको

देखिएको छ । यो वर्ष रु.१० करोड ७० लाख ६९ हजारका ४१ वटा खरिद सम्झौता भएकोमध्ये रु.५५ लाख २५ हजारको १ ठेक्का प्रथम चौमासिकमा, रु.४ करोड ११ लाख ४६ हजारको ११ वटा सम्झौता दोस्रो चौमासिकमा र रु.६ करोड ३ लाख ९८ हजारको २० वटा सम्झौता तेश्रो चौमासिकमा भएको छ । तेश्रो चौमासिकको खरिद सम्झौतामध्ये पनि रु.३ करोड ७५ लाख २ हजारको २ वटा सम्झौता आषाढ महिनामा भएको देखिएको छ । नियमावली बमोजिम प्रथम चौमासिकभित्र सबै खरिद सम्झौता गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **कर्मचारी दरबन्दी र पदपूर्ति -** निजामती सेवा नियमावली, २०५० को नियम १३ मा रिक्त कर्मचारी दरबन्दीको पदपूर्ति हुनुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न पदका स्वीकृत दरबन्दीमध्ये ना.सु २ (गाबिस सचिब), खरिदार १६ (गाबिस सचिब १५), स.लेपा. १ पद रिक्त रहेको पाइयो । गाउँ विकास समितिका सचिव गत बिगत बर्षदेखि रिक्त देखिएको, एक गाबिस सचिबले एकभन्दा बढी गाबिसमा कार्य गर्नु परेको अवस्था छ। स्वायत्त शासनको अवधारण अनुरुप वजेट स्थानीय स्तरमा रहने निकायको प्रमुख पदाधिकारीको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सम्पादन गरिने सेवा प्रवाह गर्न असर पर्ने भएकोले रिक्त दरबन्दी पदपूर्ति गर्नेतर्फ आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

६. **बैंक हिसाब विवरण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानी रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयको खाता नं. ग-२-२-४१/४३९ (आन्तरिक राजस्व)मा स्रेस्ता अनुसार शुन्य रहेकोमा बैंकमा रु.१९,११,८९९।– देखिएको छ । त्यस्तै ग-२-१ खाता (आन्तरिक आय/परिषद खर्च, लैंगिक समानता, युनिसेफ विशेष, लक्षित वर्ग उत्थान) मा श्रेस्ता अनुसार रु.६,८०,०५६।- रहेकोमा बैंकमा रु.११,४७,५६५।– मौज्दात देखिएको छ । ग-४-३-४१/४३३ खातामा स्रेस्ता अनुसार रु.२,३७,५३,१६९।– बाँकी भएकोमा बैंकमा रु.२,३३,२१,५०५।– मात्र मौज्दात देखिएकोले बैंकमा घटी देखिएको रु.४,३१,६६४।– घटी मौज्दात देखिएको छ । ग-५-५ खातामा श्रेस्ता अनुसार रु.१,०८,५३,४४८।– रहेकोमा बैंकमा रु.१,१३,४३,४४८।– देखिएको छ । स्रेस्ता र बैंकमा फरक देखिएको रकम बैंक हिसाव बिवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ ।

७. **धरौटी मौज्दात -** कार्यालयको श्रेस्ताले देखाएको मौज्दात अनुसार बैंक मौज्दात भिडान हुनुपर्दछ । श्रेस्ता अनुसार धरौटी बाँकी रु.२,०९,३६,७५८।– देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.२,०९,११,७५८।– देखिएकोले बैंकमा घटी देखिएको रु.२५,०००।- सम्बन्धमा कारवाही गरी टुंगो लगाउनु पर्दछ ।

कार्यालयले धरौटीको लेखा राख्दा व्यक्तिगत धरौटी खाता व्यवस्थित गर्नु पर्नेमा व्यक्तिगत धरौटी खाता राखेका छैन । व्यक्तिगत धरौटी खाता राखी के बापत, कसको, कहिले देखिको धरौटी बाँकी हो सो खुलाई धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

८. **लक्ष्य तथा प्रगति -** कार्यालयले पेश गरेको आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार कुल २२९ कार्यक्रम तथा योजनाहरुमध्ये यो वर्ष १८ योजनाहरुको प्रगति नभएको, १ वटा कार्यक्रको प्रगति २५ प्रतिशतसम्म, ५ कार्यक्रमको प्रगति ५० प्रतिशतसम्म र १६ कार्यक्रमको प्रगति ७५ प्रतिशतसम्म रहेको देखियो । समयमा कार्यक्रम स्वीकृत र सञ्चालन गरी शतप्रतिशत प्रगति हासिल गर्नुपर्दछ ।

९. **ठेक्का प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा (ङ) मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्रेषित बोलपत्र बिवरण अनुसार ४१ खरिद सम्झौताको लागि २४४ बोलपत्र बिक्री भएकोमा ११२ बोलपत्र मात्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा

४५.९० प्रतिशत दाखिला भएको छ । उक्त निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा ३५ वटा ठेक्कामा लागत अनुमानको तुलनामा ०.२ देखि २.८७ प्रतिशत ( औषतमा ०.१५ प्रतिशतभन्दा घटी) अंकमा कार्य गराएको छ। यसबाट ठेक्का व्यवस्थापनमा न्यून प्रतिस्पर्धा भएको देखिएकोले पर्याप्त प्रतिस्पर्धा बढाउन आवश्यक पहल गर्नुपर्दछ ।

९.१ **स्थानीय निकायको लेखापरीक्षण -** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र गर्नुपर्ने र अन्तिम लेखापरीक्षण गाउँ परिषद्बाट गठित लेखा समितिको सिफारिशमा जिल्ला विकास समितिले स्वीकृत गरेको लेखा परीक्षकबाट गराउनु पर्ने व्यवस्था छ। लेखापरीक्षण सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

१०. जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ। आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नु पर्नेमा आन्तरिक लेखापरीक्षण शाखाबाट चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो । जिल्लाका ६० गाउँ विकास समितिको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधी (२०७३ माघ) भित्र ३१ गा.बि.स.को आन्तरिक लेखापरीक्षण सम्पन्न भएको र बाँकी २९ गा.वि.स. को लेखापरीक्षण हुन बाँकी रहेको छ ।

१०.१ प्राप्त विवरण अनुसार ६० गा.वि.स.को आर्थिक बर्ष २०७२।७३ को लेखापरीक्षण गर्न २०७३।९।२७ मा १७ जना लेखापरीक्षक नियुक्त भएकोमा लेखापरीक्षण अवधी (२०७३।११।१५) सम्म कुनै पनि गा.वि.स.को लेखापरीक्षण भएको छैन ।

१०.२ आ.व. २०७१/७२ को गाउँ विकास समितिहरुको लेखापरीक्षण प्रतिवेदनमध्ये ७ वटा गाउँ विकास समितिहरुको लेखापरीक्षण प्रतिवेदनलाई नमूनाको रुपमा छनौट गरी अध्ययन गर्दा लेखापरीक्षकले बिभिन्न मितिमा प्रतिवेदन पेश गरेको र गाउँ विकास समितितर्फ पुँजीगत अनुदान वापत निकासा भएको रकममध्ये खर्च भई बाँकी रहेको रु.२९,७३,७३४।– फिर्ता नगरी आर्थिक वर्षका अन्त्यसम्म पनि मौज्दात नै राखेको पाइयो ।

१०.३ स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५८ मा जिल्ला बिकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिको बेरुजु लगत समय समयमा निरीक्षण गरी फछ्र्यौट भएको बेरुजुको सम्परीक्षण गरी दिने र असूल उपर गर्न बाँकी बेरुजुका सम्बन्धमा असूलउपर गर्न लगाउने व्यवस्था भएपनि उक्त व्यवस्था कार्यान्वयन भएको देखिदैन ।

११. **कन्टेन्जेन्सी -** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा पूँजीगत लगानीको समष्टिगत रकमबाट जिल्ला विकास समितिले अनुसूची ९ मा उल्लेख भए बमोजिम ख वर्गका गोरखा जिल्लामा चार प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यसरी छुट्याईएको कन्टेन्जेन्सी रकमको खर्च सम्बन्धी कार्ययोजना स्थानीय निकायको परिषद्बाट स्वीकृत गराई स्वीकृत शिर्षकको अधिनमा रही खर्च गर्नुपर्नेमा कार्यालयले कन्टिन्जेन्सीमा छुट्याइएको रकमको खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत नगराई र खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा नराखी कन्टिन्जेन्सी खर्च गरेको देखियो । खर्चलाई व्यवस्थित गरी आन्तरिक नियन्त्रणलाई सुदृढ राख्न कार्यविधिमा व्यवस्था भए बमोजिम कार्ययोजना बनाई परिषद्बाट स्वीकृत हुनुपर्ने र खर्चको हिसाव तोकिएको अनुसूची बमोजिमको ढाँचामा राख्नुपर्दछ ।

१२. **दोहोरो निकासा –** नागरिक सचेतना केन्द्र (नासके)को लागि जिबिकोपार्जन सुधार कार्यक्रमको लागि २१ नासकेलाई रु.१ लाखका दरले रु.२१,००,०००।– गाबिसको खातामा पठाएको छ । सोमध्ये बिभिन्न ११ गाबिसहरुलाई भौ.नं.१७ बाट २०७२।११।६ मा पनि रु.१ लाखका दरले पठाएको

थियो । ती गाबिसहरुलाई दोहोरो निकासा दिएको रु.११,००,०००।– सम्बन्धित गाबिसबाट फिर्ता गर्नुपर्दछ ।

१३. **कार्यक्रमको अनुगमन –** नागरिक सचेतना केन्द्रका सदस्यहरुको जिबिकोपार्जन सुधार कार्यक्रम कायान्वयन कार्यविधि, २०७१ मा नियमित अनुगमन गर्नुपर्ने, प्रगति प्रतिबेदन पेश गर्नुपर्ने, लेखापरीक्षण तथा सार्वजनिक परीक्षण समेत गर्नुपर्ने व्यवस्था छ । पुरानो ३९ गाबिसका नासकेहरुको लागि जिबिकोपार्जन सुधार कार्यक्रम अन्तर्गत बाखा पालन, भैसी पालन, कुखुरा पालन, बंगुर पालन लगायतका २३५ व्यवशाय सञ्चालन गर्न यस कार्यक्रमबाट रु.३९ लाख र व्यवशायीकोतर्फबाट रु.१३,८७,५००।– व्यहोर्ने गरी कार्यक्रम स्वीकृत गरेको थियो । कार्यालयले ३९ गाबिसलाई रु.१ लाखका दरले रु.३९ लाख निकासा दिएको छ । कार्यक्रम अनुसार २०७२ पौष महिनाभित्र रकम पठाउनु पर्ने व्यवस्था भए पनि कार्यालयले २०७२ चैत्रमा मात्र रकम उपलब्ध गराएको र उक्त रकम गाबिसलाई निकासा दिएको आधारमा प्रगति देखाएको छ । सम्बन्धित नासकेहरुमा स्वीकृत कार्यक्रम अनुसार व्यवशाय शुरु गरे नगरेको, व्यवशायीहरुले लगानी गरे नगरेको, तोकिएको समयमा रकम फिर्ता गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिबेदन पेश गरेको देखिएन । साथै उक्त रकमको लेखापरीक्षण प्रतिबेदन समेत पेश नभएकोले गाबिसको खातामा पठाएको उक्त रकम कार्यक्रम अनुरुप खर्च भएको नभएको यकिन हुन सकेन । खर्चको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

१४. **धरौटी कट्टी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) अनुसार बिलको रकम भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनी बापत ५ प्रतिशत कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक आपूर्तिकर्ताबाट कम्प्युटर, प्रिण्टर, कम्प्युटर टेबुल र कुर्सी खरिद गरी मु.अ.कर बाहेक रु.१२,५४,०००।– भुक्तानी गर्दा ५ प्रतिशतले हुने रु.६२,७००।– कट्टी गरेको छैन । सम्झौतामा समेत प्रत्येक बिलको भुक्तानी गर्दा धरौटी कट्टी गर्नुपर्ने व्यवस्था गरेको भएपनि कट्टी गरेको देखिएन । नियमानुसार बिल भुक्तानी गर्दा धरौटी कट्टी गर्नुपर्दछ ।

१५. **बजेट खर्च –** यस कार्यक्रम अन्तर्गत आठौं जिल्ला परिषदबाट १३ वटा सडक निर्माण कार्यको लागि रु.१ करोड ५ लाख बजेट व्यवस्था गरेकोमा अख्तियारी बढी प्राप्त भएको कारण २०७२।११।१८ को जिबिस बोर्डको निर्णयले गुप्सीभञ्ज्याङ्ग सिङ्गला उहिया सडकमा रु.९१ लाख २० हजार र बिभिन्न सडक सर्भेको लागि रु.६ लाख ८० हजारको कार्यक्रम तथा बजेट थप गरेको छ । कुल बजेटमध्ये कार्यालयले रु.१ करोड ५७ लाख ३० हजार खर्च गरेको छ । परिषदबाट स्वीकृत नभएका योजनामा बोर्डको निर्णयले कार्यक्रम थप गरी बजेट बिनियोजन गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

१६. **सर्भे खर्च –** गुप्सीभञ्ज्याङ्ग सिङ्गला लाप्राक उहिया सडकको चेनेज १५ कि.मि. देखि २६.६०० कि.मि सम्म बिस्तृत सर्भे तथ डिजाइन गर्न मु.अ.कर बाहेक रु.५९८९८९।– को लागत अनुमान २०७२।१२।१२ मा स्वीकृत गरी प्रस्ताव माग गरिएकोमा एक परामर्शदाताको मु.अ.कर समेत ६६८५०८।– को प्रस्ताव स्वीकृत गरी २०७३।२।१ मा सम्झौता गरेको थियो । उक्त परामर्शदाताले चेनेज ० देखि १०.८४ कि.मि. सम्मको सर्भे गरी पेश गरेको अन्तिम प्रतिबेदनको आधारमा भौ.नं.३९ बाट २०७३।३।२७ मा मु.अ.कर समेत रु.५८०९१०।– भुक्तानी गरेको देखिया । प्राप्त प्रतिवेदनको आधारमा उक्त सर्भे कार्य सम्झौता अनुसार सम्पन्न गरेको देखिएन । सम्झौता अनुसार काम सम्पन्न गराउनु पर्दछ ।

१७. **वीमा –** गुप्सीभञ्ज्याङ्ग सिङ्गला लाप्राक उहिया सडक निर्माणको लागि गत बर्ष एक निर्माण सेवासंग सम्झौता गरी निर्माण शुरु गरेकोमा यस बर्षको रु.१४१७५६४।– समेत जम्मा रु.५७९४७९४।– को कार्य गरेको देखियो । सोही सडक निर्माणको लागि यो बर्ष कार्यालयले एक ज्वाइन्टभेञ्चर निर्माण व्यवशायीसंग रु.६६६०५५०।– मा मिति २०७३।२।१८ मा ठेक्का सम्झौता

भई निर्माण कार्य गरेको छ। उक्त निर्माण कार्यको सम्झौतामा वीमाको व्यवस्था गरिएपनि निर्माण व्यवशायीले सम्झौता अनुसार वीमा गरेको छैन । कार्यालयले निर्माण व्यवशायीलाई सम्झौता अनुसार वीमा गराउनु पर्दछ ।

१८. **ठेक्का नतोडेको –** जराङखोला मोटरेवल पुल निर्माण गर्न एक निर्माण व्यवशायीसंग रु.१४२४०५९९।– लागतमा सम्पन्न गर्ने गरी २०७२।३।४ मा ठेक्का सम्झौता गरेको र २०७२।३।८ मा रु.९०५०००।– पेश्की दिएको थियो । उक्त पेश्की लिंदा रु.२५२००००।– को बैंक जमानतको म्याद २०७३।३।६ मा सकिएको छ । निर्माण व्यवशायीले निर्माण कार्य शुरु नगरेकोले जिल्ला प्राविधिक कार्यालयबाट २०७२।१२।७, २०७२।३।५ र २०७३।३।२० मा सम्पर्क गर्न पत्र पठाएको भएपनि निर्माण व्यवशायी सम्पर्कमा आएको देखिएन । निर्माण व्यवशायीले सम्झौता अनुसार काम शुरु नगरे पछि कार्यालयले ठेक्का तोडी जमानत जफत गर्नुपर्ने र पेश्की जमानतको म्याद बाँकी रहँदै बैंकबाट दाबी गर्नु पर्नेमा कार्यालयले हालसम्म ठेक्का पनि नतोडेको र पेश्की जमानतको म्याद सकिएपनि म्याद छँदै बैंकबाट दाबी नगरेको कारण पेश्की रकम जोखिममा परेको छ ।

मध्य पहाडी लोकमार्ग सडक आयोजनाले उक्त स्थानमा सडक बिभागको मापदण्ड अनुसारका ११ मिटर चौडाइको पुल निर्माण गर्नुपर्ने भएकोले मध्य पहाडी लोक मार्गको एलाइनमेण्टभित्र पर्ने स्थानमा पुल निर्माण नगर्न २०७३।३।१ मा पत्र पठाएको देखियो । निर्माण व्यवशायीले लिएको पेश्की फछ्र्यौट नभएको, जमानतको म्याद पनि सकिएको, हालसम्म ठेक्का नतोडेको तथा उक्त स्थानमा निर्माण गर्न नमिल्ने भएकोले कार्यालयले अबिलम्ब ठेक्का तोडी सम्झौता गर्दा राखेको २०७४।१०।२० सम्म म्याद रहेको रु.२२,८३,०००।– को कार्यसम्पादन जमानत जफत गरी बाँकी पेश्की समेत असुल गर्नुपर्दछ ।

१९. **पूर्व निर्धारित क्षतिपूर्ति –** दरौंदी खोलामा पुल निर्माणको लागि ०७२।३।१ मा एक ज्वाइन्टभेन्चर निर्माण व्यवशायीसंग रु.३,११,८३,९९५।– मा ठेक्का सम्झौता भएको थियो । सम्झौतामा पुल निर्माण कार्यको फाउण्डेशन कार्य सम्झौता मितिले ७ महिनाभित्र सम्पन्न गर्नुपर्ने र सो अवधिमा सम्पन्न नगरेमा प्रतिदिन सम्झौता रकमको ०.००७५ प्रतिशतका दरले हर्जाना लाग्ने व्यवस्था छ । निर्माण व्यवशायीले निर्माण कार्यको प्रथम बिल २०७३।३।३१ मा भुक्तानी लिएको र सो अवधिसम्म जगको काम सम्पन्न गरेको नदेखिएकोले २०७२ माघ देखि आषाढसम्मको १८२ दिनको रु.४,२५,६६२।– क्षतिपूर्ति असुल हुनुपर्दछ ।

२०. **मुल्य अभिवृद्धि कर -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ( ५ग) उपभोक्ता समितिलाई काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत कार्य गराउँदा माटो खन्ने कामका लागि मेशिनको भाडा दर प्रयोग गरेको छ। मेशिनको भाडा दरमा मुल्य अभिवृद्धि कर (प्रति घ.मि.नरम माटोका लागि रु.४।६७, कडा माटोका लागि रु.५।७२, नरम चट्टानका लागि रु.७९२ र कडा चट्टानका लागि रु.१०।५८) थप गरी दर विश्लेषण गरेको देखिन्छ । मुल्य अभिवृद्धि कर बाहेक मेशिनको भाडा दर समावेश गरी दर विश्लेषण गर्नु पर्नेमा भाडा दरमा मु.अ.कर समावेश गरी दर विश्लेषण गरेको र सोही आधारमा खरिद सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिम उपभोक्ता समितिलाई २९ निर्माण कार्यको बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर रु.२३ लाख १६ हजार भुक्तानी गरेपनि सम्बन्धित उपभोक्ता समितिले रु.११ लाख ९७ हजार मु.अ.कर तिरेको कर बिजक मात्र पेश गरेको देखियो । रु.११ लाख १९ हजार बढी भुक्तानी गरेको मुल्य अभिवृद्धि कर सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

२१. **पाईप खरिद -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(४) मा समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु पर्ने उल्लेख छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा फुजेल गल्छी अन्तखोला

सिंचाई आयोजनामा प्रयोग गर्नको लागि रु.७,१७,४५९।- को एच.डि.पि.ई पाईप खरिद गरेको देखियो । उक्त पाइप लेखापरीक्षण अवधिसम्म कार्यालय परिसरमा मौज्दात राखेको छ । आर्थिक बर्षभित्रै कार्य सम्पन्न गर्नेगरी सामान खरिद गर्नुपर्दछ ।

२२. **कार्यक्रम छनौट -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि), नियमावली, २०७१ को नियम ५(७ ङ) मा विषयगत कार्यालयहरुद्वारा सञ्चालित अधुरा आयोजनाहरुमा लगानी गर्दा सम्बन्धित विषयगत कार्यालयहरुलाई बजेट उपलब्ध गराएर वा बजेट र कार्यक्रम हस्तान्तरण गरेर कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । भच्चेक बजारमा सामुदायिक भवन निर्माण गर्न रु.२० लाख, पालुङटार नगरपालिका वडा नं. ९ र १० भित्र कृषि तथा पशु संकलन तथा विक्री केन्द्र हाटवजार व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्न रु.१० लाख, भच्चेक बजार कृषि तथा पशु संकलन तथा बिक्रिकेन्द्र भवन निर्माण कार्यका लागि रु.१० लाख बजेट व्यवस्था गरी कार्यक्रम स्वीकृत गरकोमा योजना छनौटको आधार र कार्यान्वयन प्रक्रिया बेगर योजना छनौट गरेको देखियो । त्यसैगरी वासु स्मृती शहिद पार्क पूर्वाधार निर्माण सुधार कार्यक्रम शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय र जिल्ला विकास समिति मार्फत अधुरो रहेको कार्य गर्ने भनी स्वीकृत गरेकोमा विषयगत कार्यालय मार्फत नभै उपभोक्ता समिति/व्यवस्थापन समिति मार्फत गर्ने गरी छनौट गरेको देखियो । नियमको प्रकृया पुऱ्याई कार्यक्रम छनौट गर्नुपर्दछ ।

२३. **बिल भरपाई -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ताकुकोट लाकुरीबोट सामुदायिक ग्रामिण वितरण सहकारी संस्था मार्फत नेपाल विद्युत प्राधिकरणले तयार गरेको लागत अनुमान रु.१००९१३४०।- को १०% ले हुने रु.१०,०९,१३४।- मा कन्टिन्जेन्सी कटाई रु.९,८५,०००।- सामुदायिक ग्रामीण विद्युतिकरण विभाग दरवारमार्ग, काठमाण्डौंको धरौटी खातामा जम्मा गरी खर्च लेखेको छ। कार्यालयमा पेश्की नजनाई सोझै खर्च लेखिएको उक्त रकमको कार्य प्रगती र सोसँग सम्बन्धित बिल भपाई पेश गर्नुपर्दछ। त्यसैगरी निर्वाचन क्षेत्र नं. २ अन्तर्गतको धेजेलिङ बौद्ध गुम्बा भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम वापत पालुङटार नगरपालिकालाई रु.६,८९,५००।- निकासा दिएकोमा हालसम्म उक्त कार्यक्रममा भएको प्रगती र सोसँग सम्बन्धित बिल भपाई पेश भएको देखिएन। कार्यालयले पेश्की नजनाई सोझै खर्च जनाएको रकमको बिल भपाई र प्रगती विवरण पेश हुनुपर्दछ ।

२४. **न्यून कार्य प्रगती -** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समिति मार्फत कार्य गराउने सम्वन्धमा विविध व्यवस्था गरेको छ। आरुघाट भञ्ज्याङ्ग पैका कल्लेरी सडक निर्माणका लागि रु.११,८६,५२७- को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले जम्मा रु.६,६७,९६२।- (५६.३०%) मात्र कार्य गरेपनि कार्य सम्पन्न देखाएको छ। यसरी उपभोक्ता समितिले सम्झौता अनुसार कार्य नगरी न्यून प्रगति गरेको भएपनि कार्य सम्पन्न देखाएकोले सम्झौता अनुसार काम सम्पन्न गराउनु पर्दछ ।

२५. **मूल्य अभिबृद्धि कर –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ (१) मा पाँचहजार रुपैयाँभन्दा बढीको मालसामान खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फिल्टर किट वितरण कार्यक्रम अन्तर्गत गोरखा जिल्लाका बिभिन्न कार्यालय, विद्यालयहरुलाई फिल्टर वितरण गर्न रोजिना स्टोर्सबाट रु.२७ थान र पाण्डे स्टोरबाट ७ थान फिल्टर रु.२,२००।- का दरले जम्मा रु.७४,८००।- को खरिद गरेकोमा मुल्य अभिवृद्धि कर बिजक लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिम मुल्य अभिवृद्धि कर दर्ता फर्मबाट खरिद गर्नुपर्दछ ।

२६. **भर्पाई –** बोर्लाङ गा.बि.स.लाई सामाजिक सुरक्षा भत्ता बितरण गर्न दिएको पेश्की रु.१९,७२,०००।– फछ्र्यौट गर्दा रु.१८,३६,५००।–को मात्र भर्पाई र रु.५९,६००।– बैंक दाखिला भौचर पेश गरेको छ । नपुग रकम रु.७५,९००।– असुल गरी बेरुजु खातामा दाखिला हुनुपर्दछ ।

२७. **बजेट खर्च –** आर्थिक वर्ष २०७१।७२ को कार्यक्रम संचालन गर्नका लागि नेपाल पर्यटन बोर्डको २०७२।३।१८ को पत्रबाट रु.६०,००,०००।- को ड्राफ्ट पठाएकोमा आ.व.२०७२/७३ मा मात्र उक्त रकम कार्यालयले प्राप्त गरेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको लागि प्राप्त रकम यस वर्ष खर्च गरेको र समयमा प्रगती विवरण पेश गर्न नसकेका कारण आ.व.२०७२/७३ को कार्यक्रम वापतको रकम निकासा लिन सकेको देखिएन । नेपाल पर्यटन बोर्डबाट समयमा बजेट उपलब्ध गराउने र कार्यान्वयन निकायले समेत समयमा तोकिएको कार्यक्रम सम्पन्न गरी बजेटको सही सदुपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२८. **बिल भर्पाई –** जिल्ला पशु सेवा कार्यालय गोरखालाई विउविजन तथा कृषि औजार खरिदका लागि रु.३,८४,०००।- अनुदान रकम उपलब्ध गराएको छ । उक्त रकम पेश्की जनाई दिनुपर्ने र बिल भरपाई पेश गरेपछि फछ्र्यौट गर्नु पर्नेमा सोझै खर्च लेखेको र स्वीकृत कार्यक्रम तथा खर्चको बिल भरपाई पेश नभएकोले उक्त खर्चको बिल भर्पाई पेश हुनुपर्दछ ।

२९. **लागत अनुमान बेगर अनुदान -** कानूनमा भवनको निर्माण गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । भौचर नं. १६५ र १६६ मिति २०७३।३।१९ बाट २ वटा विद्यालयहरुलाई भौतिक पूर्वाधार कार्यक्रमका लागि रु.१ लाख ९२ हजारका दरले अनुदान उपलब्ध गराएकोमा प्राविधिकले स्वीकृत गरेको लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । स्वीकृत लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन वेगर गा.वि.स.को सिफारिश र बिल भरपाईका आधारमा मात्र अनुदान दिनु नियमसम्मत नदेखिएकोले लागत अनुमान तयार गर्नुपर्दछ ।

३०. **पूर्वनिर्धारित क्षतिपूर्ति –** सडक बोर्ड अन्तर्गत सञ्चालित कोया भञ्ज्याङ्ग बालुवाटार धादिङ्ग सडक निर्माण गर्न एक निर्माण सेवासँग २०७३।३।१० मा काम सम्पन्न गर्ने गरी २०७२।१२।२१ मा रु.४०,९८,६९५।– (मु.अ.कर समेत) मा सम्झौता भएको देखिन्छ । भौ.नं. ६ २०७३।२।१८ मा प्रथम रनिङ्ग बिल वापत रु.१६,१८,३१८।- मात्र भुक्तानी भएको छ । सम्झौता अनुसार काम सम्पन्न नभएको र म्याद थप समेत भएको नदेखिएकोले मु.अ.कर वाहेकको सम्झौता रकम रु.३६,२७,१६३।– मा प्रतिदिन ०.०५ प्रतिशतका दरले २१ दिनको (आषाढ मसान्तसम्म) हुने रु.३८,०८५।- क्षतिपूर्ति असुल हुनुपर्दछ ।

३१. **बिद्युत पोलको लागत अनुमान –** कार्यालयले यो बर्ष बिद्युत रोयल्टीतर्फको कार्यक्रमबाट मुख्य ट्रान्समिशन लाइनको लागि ९८० र लोकल ट्रान्समिशन लाइनको लागि २५२२ गोटा बिद्युत पोल खरिद गर्न गोरखा जिल्लाको जिल्ला दररेटलाई आधार लिई मुल्य कायम गरेको र बिरगञ्जदेखि गोरखासम्म ढुवानी गर्न लाग्ने रु.१४,८१,४७९।– ढुवानी र लोडअनलोड समेत जोडी रु.५,३०,८६,३३८।– को लागत अनुमान २०७२।६।२५ मा स्वीकृत गरी बोलपत्र माग गरेको छ । दर्ता भएको ३ बोलपत्रमध्ये सबभन्दा घटीवाला एक उद्योगको मु.अ.कर बाहेक रु.३,९८,५४,८७२।– को बोलपत्र स्वीकृत गरी सामान खरिद गरेको छ । कार्यालयले उक्त पोल खरिद गरी बिद्युत प्राधिकरणलाई बुझाएको आधारमा कार्य सम्पन्न देखाएको छ । ती पोलहरु सम्बन्धित स्थानमा गाडिएको सम्पन्न प्रतिबेदन तयार गरेको छैन । नियमानुसार लागत अनुमान तयार गर्नुपर्ने र खरिद गरिएको सामान प्रयोग गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२. **कार्यक्रम स्वीकृति –** बिद्युत रोयल्टी बापत प्राप्त रकम बिद्युत सम्बन्धी कार्यमा खर्च गर्नुपर्नेमा कार्यालयले २०७२।११।१८ को बोर्डको निर्णयले बिभिन्न २३ वटा सिञ्चाई कार्यक्रमको लागि रु.३९ लाख ६० हजार, १९ वटा खानेपानी योजनाहरुमा रु.४९ लाख ५० हजार बजेट बिनियोजन गरी

कार्यक्रम सञ्चालन गरेको छ । उपलब्ध श्रोतलाई अधिकतम उपलब्धि हुने गरी सम्बन्धित कार्यक्रममा विनियोजन गर्ने र सोही बमोजिम खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३३. **बक्यौता असुली –** कार्यालयले सडक शुल्क, ढुङ्गा गिट्टी बालुवा कृषि पशुजन्य, इँटा बिक्री कर लगायतका कर, शुल्क तथा दस्तुर आय आर्थिक बर्ष २०५५।५६ देखि २०७१।०७२ सम्म रु.२०,०४,४२६।– असुल गर्न बाँकी रहेको छ । यस बर्ष ११ वटा आय ठेक्काबाट रु.९४,८६,६०९।– असुल गर्ने गरी सम्झौता गरेकोमा आर्थिक बर्षको अन्तसम्म रु.७०,७७,९३४।– असुल भई बिभिन्न पार्टीहरुबाट रु.२२,५८,१४५।– असुल गर्न बाँकी रहेकोले नियमानुसार व्याज समेत असुल गर्नुपर्दछ ।

३४. **व्याज असुल नगरेको –** यस बर्ष ठेक्का सम्झौता भएकामध्ये ढुङ्गा, गिट्टी, बालुवाको ३ ठेक्कामा किस्ता रकम असुल गर्दा सम्झौता अनुसार तोकिएको समयमा रकम नबुझाई ढिलो बुझाएको भएपनि कार्यालयले नियमानुसार लाग्ने १० प्रतिशत व्याज पनि असुल गरेको छैन । यसरी समयमा रकम नबुझाउँदा ३ वटा पार्टीबाट रु.४०,७३०।– व्याज असुल गर्नुपर्दछ ।

३५. **मूल्य अभिबृद्धि करको जानकारी -** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ६(क) मा मुल्य अभिबृद्धि कर लाग्ने सामान खरिद गरी मुल्य अभिबृद्धि कर भुक्तानी गर्दा सोको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले मुल्य अभिबृद्धि कर लाग्ने सामान खरिद गरेकोमा सोको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । यसको जानकारी दिनुपर्ने व्यबस्था पालना नभएको कारण कर संकलनमा असर परेको छ । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३६. **भवनको क्षति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढीको निर्माण कार्य गर्दा निर्माणस्थल सुम्पिएदेखि त्रुटी सच्याउने दायित्वको अवधिसम्मको लागि वीमा गराउनु पर्ने व्यवस्था छ । भारतीय राजदूतावासको अनूदानबाट निर्माण कार्य गरिएका २ बिद्यालयहरु अमरज्योती उ.मा.बि. र भीमोदय क्याम्पसको भवन निर्माणको लागि प्रत्येक निर्माणमा रु.३ लाख २५ हजार वीमा गर्ने गरी सम्झौता गरेपनि निर्माण व्यवशायीले वीमा गरेको छैन । २०७२ बैशाख १२ को भूकम्पले भवनको वाल र केही स्ट्रक्चरमा क्षति भएकाले अनुगमन समितिको २०७२।३।१५ मा बसेको बैठकले अन्तिम बिलको बाँकी रकम भुक्तानी गर्न र क्षति भएको भवन मर्मत गरिदिन भारतीय राजदूतावासलाई अनुरोध गर्ने निर्णय गरेको र सोही सिफारिसको आधारमा कार्यालयले यो बर्ष रु.३१,१६,४६१।– भुक्तानी गरेको देखियो । त्रुटी सच्याउने अवधी बाँकी रहँदै भवन क्षति भएको, सम्झौता अनुसार बिमा नगरेको र निर्माण व्यवसायीले मर्मत नगरी अन्तिम बिलको बाँकी भुक्तानी दिएकोले सम्बन्धितलाई जिम्बेबवार बनाउनुपर्दछ ।

३७. **एज बिल्ट ड्रइङ्ग –** सम्झौतामा निर्माण व्यवशायीले कार्य सम्पन्न एज बिल्ट ड्रइङ्ग पेश गर्न नसकेमा रु.२ लाख कटाएर राख्नु पर्ने व्यवस्था छ । भारतीय राजदूतावासको अनुदानमा निर्माण भएको अमरज्योती उ.मा.बि. र भीमोदय क्याम्पस भवनको ठेक्कामा दुबै निर्माण व्यवशायीहरुले एज बिल्ट ड्रइङ्ग पेश नगरेको सम्झौता अनुसार एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्दछ ।

३८. **बढी भुक्तानी –** आरुचनौटे एक महिला समूहलाई झ्यालको सटर, ग्रील र रोलिङ्ग सटर ढोका निर्माण कार्य वापत रु.५७,६००।- भुक्तानी भएको छ । उपभोक्ता समितिले पेश गरेको बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन र नापी किताब अुनसार रु.५२,३७८।- मात्र भुक्तानी गर्नु पर्नेमा बढी भुक्तानी भएको रु.५,२२२।- असुल हुनुपर्दछ ।

३९. **पेश्की -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयले गत बिगत बर्षमा दिएको पेश्की रु.१,८८,४९,२१९।- हालसम्म पनि फछ्र्यौट गरेको छैन । यस आर्थिक वर्षमा दिएको

पेश्कीमध्ये आर्थिक बर्षको अन्त्यसम्ममा बिभिन्न शिर्षक अन्तर्गत ३ व्यक्ति र ४ निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.६२,८९,०००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

४०. **चौमासिक खर्च -** ड्रिलिप कार्यक्रमतर्फ कुल खर्च रु.१२ करोड ८९ लाख १८ हजारमध्ये तेस्रो चौमासिकमा रु.८ करोड ३७ लाख ८ हजार खर्च गरेको छ । सोमध्ये रु.३ करोड ८१ लाख १८ हजार (२९.५७ प्रतिशत) आषाढमा मात्र खर्च गरेको छ । बार्षिक कार्यक्रम अनुसार चौमासिक अनुपात मिलाई खर्च गर्नुपर्दछ ।

४१. **वीमाको व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाभन्दा बढीको निर्माण कार्य गर्दा निर्माणस्थल सुम्पिएदेखि त्रुटी सच्याउने दायित्वको अवधिसम्मको लागि वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा वीमाको लागि रु.५ लाखको प्रोभिजनल सम व्यवस्था गरी ठेक्का सम्झौता गरेको थियो । सम्झौतामा ठेक्का रकमको १५ प्रतिशत बढी बिमाङ्क राखी विमा गर्नु पर्ने व्यवस्था गरेकोमा निर्माण व्यवशायीले सम्झौता रकममा १५ प्रतिशत थप नगरी विमा गरेको र सम्झौता रकमको लागि व्यवस्था गरेको रकम भन्दा बढीको बिल पेश गरी भुक्तानी लिएकोले २ वटै ठेक्कामा रु.२ लाख ५० हजार बढी बिल पेश गरेको हुँदा २ ठेक्काको रु.५ लाख भुक्तानी दिन मिल्ने देखिदैन । साथै सम्झौता अनुरुप मर्मत सम्भार अवधि समेत व्यहोर्ने गरी वीमाको अवधि थप हुनुपर्ने देखियो ।

४२. **पेश्की -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा दिएको पेश्कीमध्ये ७ उपभोक्ता समिति, ३ निर्माण व्यवसायी र १ परामर्शदाताको नाममा आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभै बाँकी रहेको पेश्की रु.१,२४,५३,०७०।– नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

## युनिसेफ विशेष सामाजिक सुरक्षा भत्ता

४३. **सापटी खर्च -** केन्द्रीय पञ्जीकरण विभागको च.नं ६२२ मिति २०७२।१२।२८ को पत्रसाथ युनिसेफ नेपालको संशोधित कार्यक्रम प्राप्त भए पछि बजेट प्राप्त नहुँदै तालिम कार्यक्रम संचालनका लागि जिल्ला विकास समितिको आन्तरिक स्रोतबाट रु.२३,३२,०९५।- सापटी लिएर तालिम तथा तथ्याङ्क संकलनको कार्य गरिएको छ । नियममा सापटी लिएर खर्च गर्ने व्यवस्था नभएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

४४. **कार्य सम्पन्न -** केन्द्रीय पञ्जीकरण विभागको च.नं. ८१९ मिति २०७३।३।२० बाट प्राप्त निर्देशन बमोजिम विशेष सामाजिक सुरक्षा वापतको अनुदान रकम वितरण गर्ने कार्य यथाशिघ्र सम्पन्न गरी २०७३ श्रावण १५ भित्र प्रतिवेदन पठाइ सक्नुपर्ने उल्लेख छ । साथै युनिसेफ नेपालको कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम नगद वितरणको कार्यक्रम ३० जुन, २०१६ सम्म सम्पन्न गर्नु पर्ने उल्लेख छ । यस कार्यक्रमको लागि युनिसेफबाट कुल प्राप्त बजेट रु.११,२२,८९,६५१।- मध्ये असार मसान्तसम्म रु.११,१९,०९,५९५।- खर्च भै रु.३,८०,०५६।- मौज्दात रहेको छ । गा.वि.स./नगरपालिकालाई निकासा दिएको रु.१०,९५,७६,०००।-मध्ये रु.१०,२८,२०,०००।- खर्च भई बाँकी रहेको रु.६७,५६,०००।-समेत जम्मा रु.७१,३६,०५६।- मिति २०७३।८।२७ मा युनिसेफमा फिर्ता गरेको र भत्ता वितरणको कार्य सम्पन्न प्रतिवेदन पनि सोही मितिमा पठाएको देखियो । तोकिएको समयभित्र अनुदान वितरण कार्य सम्पन्न गरी प्रतिवेदन पठाउनु पर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आन्तरिक नियन्त्रण -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रणको व्यवस्था कार्यान्वयनको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नबनाएको, जिन्सी निरीक्षण नगराएको, कार्य विवरण बनाई

कर्मचारीलाई अधिकार र जिम्मेवारी नदिएको, अनुसूची १४ तयार नगरेको, ८ कर्मचारीलाई रु.१९,५४,५०४।- तलव खर्च लेखेकोमा परिषदबाट तलवी प्रतिवेदन पारीत नगरेको, कार्यक्रम खर्चको भौतिक प्रगती देखिने गरी प्रगति विवरण तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालनागरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **बैंक हिसाब मिलान -** कार्यालयको ग-५-९-४१/४४५ खातमा श्रेस्ता अनुसार रु.३,३७,९५३।- बाँकी भएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.३,७८,८४८।०४ देखिएकोले फरक परेको मौज्दात रु.४०,८९५।४० का सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्ने देखियो ।

३. **सापटी -** कार्यालयको चल्ती हिसाब नं.२१६६ खाताबाट जिल्ला विकास समितिका एक सवारी चालकलाई रु.१,००,०००।- सापटी दिएको देखियो । उक्त रकम आर्थिक वर्षको अन्त्यसम्म पनि फिर्ता भएको छैन । कानुनमा कर्मचारीलाई सरकारी कोषबाट सापटी दिने व्यवस्था छैन । यसरी नियम विपरित सापटी दिएको रकम फिर्ता भएको नदेखिएकोले अबिलम्ब नियमानुसार फिर्ता गर्नुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण कार्यान्वयनको मूल्यांकन गर्दा खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार नगरेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले सो अनुरुपको प्रतिवेदन तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने भनि औंल्याइएका टेबुल, मेच, दराज, मोटरसाईकल, जेनेरेटर लगायतका बिभिन्न ६६ वटा मालसामानहरु लिलाम तथा मर्मत नगरेको, सम्पन्न कार्यक्रम संचालन मर्मत संभार र लाभ लिनको लागि उपभोक्ता समुहले कार्ययोजना निर्माण नगराएको, ब्यबस्था छ । उपभोक्ता समिति/समुहबाट कार्ययोजना तयार नभएको, लयबाट उपभोक्ता समिति मार्फत खरिद गरिएका केही आयोजनाका सामग्रीको गुणस्तर परीक्षण नगरेका व्यहोरा देखिएका छन् । ऐन, नियममा भएका व्यवस्थाको पूर्ण पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनुपर्दछ ।

२. **दरवन्दी व्यवस्थापन -** निजामती सेवा नियमावली २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न कार्य सम्पादन गर्नका लागि कर्मचारीहरुको स्वीकृत दरवन्दी १० रहेकोमा ७ पद पुर्ति भई ३ पद रिक्त रहेको देखियो । रिक्त पदमा पदपूर्ति नगरी करारमा नियुक्त गरी कार्यरत रहेको छ ।

३. **चौमासिक खर्च -** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन । कार्यालयले पूँजीगत कार्यक्रम तर्फ प्रथम चौमासिकमा १२.०८%, दोश्रो चौमासिकमा १५.८६% र तेस्रो चौमासिकमा ७२.०६ प्रतिशत खर्च गरेको दखिन्छ भने आषाढ महिनामा मात्र ३६.११% खर्च गरेको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा मात्र काम गराउँदा कामको गुणस्तरमा प्रतिकूल असर पर्नसक्ने समेत देखिएकोले चौमासिक रुपमा तोकिए बमोजिम कार्यक्रम संचालन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४. **निर्माण सामग्री खरिद -** जिल्ला भू संरक्षण कार्यक्रम, भू तथा जलाधार संरक्षण कार्यक्रम र राष्ट्रिय पुन: निर्माण कार्यक्रम अर्न्तगत संचालित कार्यक्रमहरु उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण कार्यको लागि आवश्यक पर्ने ग्याबियन तारजाली लगायतका निर्माण सामाग्री खरिद गरेको बिल

भरपाई तथा प्राविधिक मूल्याकंनको आधारमा खर्च लेखेको छ। सबै योजनाहरुमा आवश्यक सामान यकिन गरी प्रतिस्पर्धाबाट खरिद गर्ने व्यवस्था हुनुपर्दछ ।

५. **ग्याबियन तार खरिद -** बिभागले रु.१० लाख भन्दा बढिको ग्याबियन तार खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (१) बमोजिम अनिवार्यरुपमा प्रतिस्पर्धा गराई खरिद गर्ने निर्देशन जारी गरतापनि यो बर्ष भू–संरक्षण कार्यक्रम, भू तथा जलाधार संरक्षण कार्यक्रम र राष्ट्रिय पुन निर्माण कार्यक्रममा आवश्यक तारजाली खरिद गर्ने कार्य समेत समावेश गरी उपभोक्ता समितिसंग सम्झौता गरेको । सम्बन्धित उपभोक्ता समितिले पेश गरेको बिल परीक्षण गर्दा दुई आपूर्तिकर्ताबाट क्रमशः रु.१,०९,९७,५९२।- र रु.१९,३६,४३८।- गरी जम्मा रु.१,२९,३४,०३०।- बराबरको ग्याबियन तार लगायतका निर्माण सामाग्री सोझै खरिद गरेको देखियो। विभागीय परिपत्र अनुसार खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धात्मक बनाई खरिद गर्नुपर्दछ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था कार्यान्वयनको मूल्यांकन गर्दा कार्यालयले बिद्यालयगत निकासा खाता नराखेको, खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको, पच्चिस हजारभन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरेको, राजस्व असुली गर्दा नगदी रसिद नं. अनुसार आम्दानी खातामा प्रबिष्टि नगरी बैंक दाखिला भौचरको आधारमा गोश्वारा भौचर उठाई आम्दानी देखाएको, यो बर्ष ४९ ठेली नगदी रसिद प्रयोग गरेकोमा रसिद नियन्त्रण खाता नराखेको, कार्य विवरण तयार नगरेको, बार्षिक कार्यसम्पादन प्रतिबेदन तयार नगरेको, पुरानो जिन्सी सामानको मूल्य खुलाई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत र लिलाम गर्नुपर्ने उल्लेख भएका सामानहरु समयमै मर्मत र लिलाम नगरेको, कार्यक्रमगत खाता नराखेको जस्ता व्यहोराहरु देखिएका छन्। आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरि ऐन नियममा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

६. **अनुदान खर्चको अनुगमन -** कार्यालयलाई यो बर्ष बिभिन्न ६ बजेट उपशिर्षक अन्तर्गत बिभिन्न कार्यक्रम सञ्चालनका लागि बिभिन्न बिद्यालय तथा संस्थालाइ रु.९५,०९,०५,२६९।- अनुदान दिएको छ। कार्यालयले स्रोतव्यक्ति तथा बिद्यालय निरीक्षक मार्फत केही बिद्यालयहरुको अनुगमन तथा मुल्यांकन गरी समस्या र सुझाव समेत खुलाई अनुगमन प्रतिवेदन पेश गर्ने गरेको देखिएपनि सबै बिद्यालयहरुको अनुगमनको गरी प्रतिबेदन तयार गर्ने र सोको अभिलेख राखेको छैन । कार्यालयले विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तक, दलित तथा सिमान्तकृत र महिला छात्रालाई छात्रवृत्ति जस्ता कार्यको लागि विद्यालय खातामा पठाएको रकम विद्यालयले सम्वन्धित कार्यमा खर्च गरे नगरेको, पाठ्यपुस्तक समयमै विद्यार्थीहरुले पाए नपाएको सम्वन्धमा अनुगमन गरी खर्चको उपयोगिता सम्वन्धमा विश्वस्त हुन प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्दछ।

७. **बढी दुर्गम भत्ता –** अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं. ५ मिति २०७१।४।२ को परिपत्रमा दुर्गम भत्ताको दर तोकिएको र उक्त भत्ता दुर्गम भत्ता पाउने स्थानमा कार्यरत शिक्षकहरुलाई बर्षमा १०.५ महिनाको मात्र भत्ता भुक्तानी गर्नु पर्नेमा कार्यालयले १२ महिनाको भत्ता भुक्तानी गरेकोले सिर्दिबास स्रोत केन्द्रका सबै र मान्बु स्रोत केन्द्रका दुई गाबिसमा पर्ने ३४ बिद्यालयका ७३ प्रा.बि. शिक्षकहरुलाई रु.४,८३,३३८।– बढी भत्ता र भवानी मा.वि. मान्वु र बुद्ध मा.वि. सिर्दिवास ७ जना मा.बि./नि.मा.बि. शिक्षकहरुलाई रु.७७,५५५।– बढी भत्ता भुक्तानी गरेकोले सो समेत रु ५६०८९३।– असुल गर्नुपर्दछ।

८. **कार्य सम्पन्न प्रतिवेदन -** कार्यक्रम कार्यान्वयन निर्देशिकामा बिद्यालयको भौतिक निर्माण कार्य सम्पन्न भएपछि कार्यालयले कार्यसम्पन्न प्रतिबेदन लिनुपर्ने उल्लेख छ। यस बर्ष बिभिन्न १२४

विद्यालयहरुलाई विद्यालय भवन निर्माण, रेट्रो मेन्टेनेन्स र कक्षा कोठा पुनःस्थापना वापत रु.२,१५,००,०००।- रकम निकासा दिएकोमा हालसम्म पनि कार्य सम्पन्न प्रतिबेदन पेश भएको छैन । बिद्यालय क्षेत्र सुधार कार्यक्रमबाट २१६ बिद्यालयहरुलाई रु.३ करोड ६८ लाख ५० हजार निकासा भएकोमा रु.१ करोड १५ लाख ५० हजारको कार्य सम्पन्न प्रतिवेदन पेश भई रु.२ करोड १५ लाख सम्पन्न हुन बाँकी छ । उक्त निर्माण कार्यको कार्य सम्पन्न पेश हुनुपर्दछ ।

प्रधानमन्त्री दैबी प्रकोप उद्धार कोषबाट रु.३ करोड ३ लाख २० हजार प्राप्त भएकोमा भुकम्पबाट क्षति भएका बिद्यालय भबनहरुमध्ये १३९ बिद्यालयलाई भुकम्प मर्मत, ५७ बिद्यालयलाई भुकम्प रेट्रो मेन्टेनेन्स र ८० बिद्यालयलाई फर्निचर निर्माणको लागि रु.३ करोड ३ लाख २० हजार निकासा दिएको छ । सोमध्ये रु.३१ लाख ५६ हजारको कार्य सम्पन्न पेश भएको र बाँकी रु.२,७१,६४,०००।– को कार्य सम्पन्न पेश भएको छैन । तोकिएको समयमा कार्य सम्पन्न हुनुपर्दछ ।

९. **लेखापरीक्षण -** बिविध खातामा गत बर्षको जिम्मेवारी रु.१८७५१०।–, यो बर्ष प्रधानमन्त्री दैबी प्रकोप उद्धार कोषबाट रु.३ करोड ३ लाख २० हजार, शिक्षक सेवा आयोगबाट रु.२,२३,३१४।–, सेभ द चिल्ड्रेन फण्डबाट रु.४,८३,५९०।–, सामुदायिक अध्ययन केन्द्रबाट रु.१,२०,०००।– प्राप्त भई जम्मा रु.३,१६,६३,३१४।– आम्दानी देखाएकोमा रु.३,१२,९४,९०४।– खर्च गरेको बिवरण पेश भएको छ । सोमध्ये प्रधानमन्त्री दैबी प्रकोप उद्धार कोष बाहेक अन्य निकाय वा सँस्थाबाट प्राप्त रकमको सक्कल स्रेस्ता सम्बन्धित निकाय/सँस्थामा पठाएकोले लेखापरीक्षण गरिएको छैन । आय व्यय बिवरणमा समावेश गरिएको खर्च रकमको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

१०. **बढी भुक्तानी -** यस बर्ष कन्यादेवी नि.मा.वि. र जीवनज्याती नि.मा.वि.लाई छात्रवृत्ति र PCF Non salary बापत निकासा दिँदा माध्यमिक बिद्यालयलाई दिने अनुदान निकासा दिएकोले रु.१४,५७०।- बढी निकासा दिएको रकम असुल हुनुपर्दछ ।

११. **पाठ्यपुस्तक बितरण -** कार्यालयले बिद्यालयहरुलाई पाठ्यपुस्तकको निकासा समयमै पठाउनु पर्नेमा २३ बिद्यालयलाई पाठ्यपुस्तकको छुट रकम रु.२२३२९२।– आर्थिक बर्षको अन्तमा मात्र पठाएको छ । समयमा रकम निकासा नहुँदा स्कुलका सबै बिद्यार्थीले समयमा पाठ्यपुस्तक प्राप्त गरेको छ भनी आश्वस्त हुन सकिने स्थिति छैन । कार्यालयले फ्ल्यास १ कै आधारमा निकासा दिने गरेको देखिएको, कार्यालयले स्रोत व्यक्ति मार्फत हरेक बर्ष बिद्यार्थीको संख्या गणना गरेको जनाए पनि कार्यालयबाट हरेक बर्ष बिद्यार्थी संख्या गणना गर्ने गरेको देखिएन । पाठ्यपुस्तकको निकासा बास्तविक बिद्यार्थी भर्नाको आधारमा समयमै पठाउनु पर्दछ ।

१२. **अनुगमन –** कार्यालयले यस वर्ष जिल्लाका बिभिन्न २० वटा विद्यालयहरुलाई विद्यालय भवन निर्माण/कोठा थप गर्ने कार्य, मेशिनरी उपकरण खरिद, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, शौचालय/कम्पाउण्ड वाल/खेल मैदान र सोलार जडान तथा सोलारको ब्याट्री खरिद गर्न सशर्त अनुदान वापत रु.१,०२,००,०००।- निकासा दिएको देखिन्छ । अख्तियारी पत्रमा सशर्त अनुदान निकासा दिँदा तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा सुपरभिजन, अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने शर्त उल्लेख गरेको भएपनि विद्यालयले गरेका कामको सम्बन्धमा सुपरभिजन तथा अनुगमन गरी प्रतिवेदन पेश गरेको नदेखिएन । सशर्त अनुदानको रुपमा दिएको निकासा रकमको नियमित अनुगमन गरी खर्चको प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ ।

त्यस्तै प्राविधिक धार सञ्चालन भएका बिद्यालयहरुलाई अनुदान दिने कार्यक्रमको लागि यस बर्ष रु.४६ लाख ४४ हजार ५९० बजेट व्यवस्था भएकोमा रु.४५,९५,७४३।– खर्च भएको छ । उक्त रकममध्ये ज्ञान मार्ग उ.मा.बि. घ्याल्चोकलाई रु.२८,८५,५९०।– र भवानी उ.मा.बि. पालुङटारलाई रु.१६,९०,१५३।– सशर्त अनुदान निकासा दिएको छ । कार्यालयले उक्त अनुदान खर्चको अनुमगन गरेको नदेखिएकोले लक्षित कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

१३. **कर बीजक -** मु.अ.कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई रीतपूर्वकको ढाँचामा बिजक दिनुपर्ने व्यवस्था छ । राष्ट्रिय पुननिर्माण कोष अन्तर्गत एक सप्लायर्सबाट रु.६९,४४९।-को कार्यालय सामान खरिद गरी रु.५०,०००।- भुक्तानी दिएको छ । बिक्रेताले जारी गरेको कर बिजक नं. ३१७ मिति २०७३/३/१९ मा केरमेट गरेका कारण उक्त बिलबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि कर रकमको कर समायोजन गरेको प्रमाण पेश हुनपर्दछ ।

१४. **शीर्षक फरक -** आर्थिक कार्यबिधि नियमाबली २०६४ मा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि आन्तरिक लेखापरीक्षणले औल्याएको व्यहोरा फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । शीर्षक नं.२२४१२ बाट खर्च लेख्नुपर्ने रकम २१११३ बाट शिर्षक फरक पारी रु.२,५३,६००।– खर्च लेखेको व्यहोरा आन्तरिक लेखापरीक्षणमा औल्याएकोमा सो रकम पनि फछ्र्यौट गरेको छैन । नियमानुसार शिर्षक फरक पारी खर्च लेखेको उक्त रकम नियमसम्मत नदेखिएकोले नियम र अर्थ मन्त्रालयको खर्च शिर्षकको परिधिभित्र रही खर्च गर्नुपर्दछ ।

१५. **सोधभर्ना भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा खरिद प्रकृया तोकेको र नियम १२३(८) मा आपूर्तीकर्तालाई पच्चीस हजार रुपयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । फल्यास्, बिद्यार्थी परिचयपत्र छपाइ गरे बापत एक बिद्यालय निरीक्षकले गोरखाको एक छापाखानाको रु.१,००,००५।– बिल पेश गरेकोले निजलाई सोधभर्ना भुक्तानी दिएको छ । सोझै बजारबाट खरिद गरी आपूर्तिकर्तालाई नै भुक्तानी गर्न सकिनेमा कर्मचारीलाई पेश्की दिने र बिलको सोधभर्ना भुक्तानी दिने गरेको छ । यस्तो कार्य नियमसम्मत नदेखिएकोले नियन्त्रण गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण बिभाग डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था र सोको कार्यान्वयनको मूल्यांकन गर्दा समयमा अख्तियारी नपठाएको, खरिद गुरुयोजना तयार नगरेको, बार्षिक खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्य बमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, निजामती पदको कार्य विवरण बनाई लागू नगरेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेका, निर्माण कार्यको वास्तविक एवं यथार्थपरक मूल्य खुलाउन सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर तथा आइटमवाइज रजिष्टरका आधारमा नापी किताब तयार गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति -** बार्षिक कार्यक्रममा चौमासिक रुपमा सञ्चालन गरिने कार्यक्रमहरुको लागत, परिमाण र भार समेत खुलाई स्वीकृत गरिएको छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका ७ वटा कार्यक्रमहरुबाट बिभिन्न निर्माण कार्य सञ्चालन गरेकोमध्ये आवाश व्यवस्था कार्यक्रममा ७४ प्रतिशत र बाँकी सबै कार्यक्रमहरु शतप्रतिशत भौतिक प्रगती भएको विवरण पेश भएको छ । कम प्रगति भएका कार्यक्रमहरु समयमै भौतिक प्रगति हुने गरी सञ्चालन गर्नुपर्दछ ।

३. **चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र

खर्च रकम उल्लेख छ । कार्यालयले यो बर्ष कुल पुंजीगत बजेट रु.१४ करोड ३४ लाख ३६ हजार मध्ये तेस्रो चौमासिकमा मात्र रु.१२ करोड ४९ लाख ६० हजार (८७.१२ प्रतिशत) खर्च गरेको देखिन्छ । असार महिना मात्र रु.६ करोड ५८ लाख ६२ हजार (४५.९२ प्रतिशत) खर्च गरेको देखिन्छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम चौमासिकभित्र खरिद सम्झौता नगरी आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको गुणस्तरमा समेत प्रतिकूल असर पर्नसक्ने हुँदा नियमानुसार समयमै ठेक्का सम्झौता गरी कार्यतालिका अनुसार समयमै निर्माण कार्य गर्नुपर्दछ ।

पुनःनिर्माण कोषतर्फ यस वर्ष रु.३ करोड ८२ लाख वजेट बिनियोजन भै समयमै बजेट निकासा समेत भएको अवस्थामा कार्यालयले भवन निर्माणतर्फ बजेट खर्च गर्न सकेको देखिएन । प्रशासनिक खर्चमा मात्र रु.४ लाख ३० हजार खर्च भएको छ । भुकम्प प्रभावित व्यक्तिहरुलाई लक्षित गरी बिनियोजन भएको बजेट समयमै खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४. **न्यून प्रतिस्पर्धा -** यस बर्ष गोरखाको बगुवा, तनहुँको जामुने र भानुमती सहित ३ वटा स्वास्थ्य चौकी भवन निर्माण कार्यको ठेक्कामा १० वटा बोलपत्र बिक्री भएकोमा इबिडिङ ८ समेत ९ वटा बोलपत्र दर्ता भएको देखिन्छ। उक्त ३ ठेक्कामा रु.६ करोड १८ लाख ५८ हजार लागत अनुमानमध्ये रु.५ करोड ८९ लाख ६० हजारमा ठेक्का सम्झौता भएको छ। सोमध्ये उक्त २ ठेक्कामा ०.६१ र १.५५ प्रतिशत र १ ठेक्का १२.७९ प्रतिशत घटीमा सम्झौता भएको छ । ती ठेक्काहरुमा न्यून प्रतिस्पर्धा भएको देखियो ।

५. **ठेक्का सम्झौता –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गरी प्रथम चौमासिक अवधिभित्र ठेक्का सम्झौता गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यो बर्ष बोलपत्र माग गरेका ७ ठेक्कामध्ये ३ ठेक्का आषाढ मसान्तमा र ४ ठेक्का आर्थिक बर्षको अन्त्यसम्म सम्झौता हुन नसकी २०७३ भाद्रमा मात्र सम्झौता गरेको छ । यसरी ठेक्का सम्झौता समयमा नभएको कारण निर्माण कार्य ढिलो सम्पन्न हुने भई सेवाग्राहीले समयमा सेवा प्राप्त गर्न नसक्ने स्थिति रहेको छ । अतः स्वीकृत कार्यक्रम र कानून अनुसार समयमै ठेक्का सम्झौता गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **फलामे छडको प्रयोग –** भवन निर्माणको लागत अनुमान तयार गर्दा प्रयोग हुने फलामे डण्डीको विस्तृत ड्रइङ, डिजाइन, बार सेड्यूल तयार गरी स्ल्याव, पिलर, विम, लिन्टल बिम लगायतको आर.सि.सि.कार्यमा प्रयोग हुने डण्डीको यथार्थ परिमाण हिसाव गरी लागत अनुमान तयार गर्नुपर्दछ । नमूना स्वरुप परीक्षण गरिएका ७ भवन निर्माण कार्यमा मात्र सिमेण्ट कंक्रिट कार्यको कूल परिमाणको (प्रति घ.मि.मा ७८५० के.जी.डण्डी हुने) १.१८ प्रतिशत देखि १.८७ प्रतिशतसम्म डण्डीको परिमाण अनुमान गरी लागत अनुमानमा राख्ने गरेको छ। निर्माण कार्य शुरु हुनु भन्दा अगाडि फलामे डण्डीको विस्तृत ड्रइङ, डिजाइन तयार गरी निर्माण व्यवशायीलाई दिएको पनि देखिएन ।

नापी किताब परीक्षण गर्दा कोलम, बिम आदिमा डण्डीको लम्बाई बढी दिएर पनि ल्याप थप गर्ने गरेको पाइयो । उदाहरण स्वरुप जिल्ला शिक्षा कार्यालय भवनको फाउण्डेशन बिमको लम्बाई १९.२३ मिटर रहेकोमा डण्डीको लम्बाई २१.७९ मिटर प्रयोग गरेको र ल्यावको लागि ०.६० मिटर छुट्टै नापजाँच गरेको छ । त्यस्तै २२.६३ मिटर लम्बाईको टाइबिमको लागि २४.१९ मिटर डण्डीको प्रयोग गरेको छ। उक्त बिममा ०.६० मिटर ल्यावकोलागि छुट्टै डण्डी प्रयोग भएको देखिन्छ । त्यसैगरी फाउण्डेशन बिममा १.५० मिटरको कोलमबेशमा १.८० मिटर डण्डी प्रयोग गरेको छ। स्वास्थ्य चौकी भवन निर्माणमा पिलर र बिममा अधिकाश १२ र १६ एमएमको डण्डी प्रयोग गरिएको र स्लयाव ढलानमा ८ एमएमको डण्डी प्रयोग गरिएको छ। तर सबै स्टिरपमा ७ एमएमको प्रयोग नगरी ८ एमएमको नापजाँच गरिएको छ। स्वास्थ्य चौकी भवनको बनावट तथा

डिजाइन अनुसार डण्डीको खपत निकै बढी देखिएको छ । यसरी विस्तृत ड्रइङ्ग डिजाइन बेगर डण्डीको लागत अनुमान प्रतिशतको आधारमा तयार गर्ने र लागत अनुमानमा देखाएकै आधारमा डण्डीको प्रयोग देखाउनु यथार्थपरक देखिदैन । अतः डण्डीको बिस्तृत ड्रइङ्ग डिजाइनको आधारमा मात्र परिमाण यकिन गर्नुपर्दछ ।

७. **पूर्व निर्धाारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । खोप्लाङ्ग स्वास्थ्य चौकी भवन निर्माण गर्न एक ज्वाइन्टभेन्चर निर्माण व्यवशायीसंग २०७०।१२।२४ मा रु.१,८५,१५,८३१।– सम्झौता गरेको र सम्पन्न गर्ने अवधी २०७२।६।२३ सम्म रहेको थियो । उक्त ठेक्काको म्याद डिभिजन प्रमुखले २०७२।९।२३ सम्म थप गरेको र सो अवधी पछि म्याद थप माग गरेपनि बिभागीय प्रमुखबाट थप भएको छैन । निर्माण व्यवशायीले २०७२।१२।२३ मा कार्य सम्पन्न देखाई अन्तिम बिल भुक्तानी लिएको छ । तर तोकिएको अवधिसम्म काम सम्पन्न गर्न नसकेकोले चैत्र २३ सम्म ९० दिनको हर्जाना लाग्ने देखिएकोले प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले रु.८,३३,२१३।– पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

८. **ठेक्काको म्याद थप -** सार्वजनिक खरिद नियमावलीको नियम २०(२) मा काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको अवस्थामा म्याद थप गर्नसक्ने व्यवस्था छ। मनपांग र सिर्दिवास स्वास्थ्य चौकी भवन निर्माणमा क्रमशः ३७ र ३० महिनाभन्दा बढी म्याद थप गरिएको छ । त्यस्तै बोर्लाङ स्वास्थ्य चौकी भवनमा १२ महिना म्याद थप गरेको छ । बिभागले मनपाङ्ग स्वास्थ्य चौकी भवन निर्माण गर्ने निर्माण व्यवशायी एक कन्स्ट्रक्सन कम्पनीलाई २०७१।६।१ देखि हर्जाना लगाउने गरी म्याद थप गरेको र २०७३।३।२८ मा भौ.नं. ७८ बाट सम्झौताको १० प्रतिशत रु.१२४२३१८।– हर्जाना कटाई राजस्वमा दाखिला गरेको छ । अन्य निर्माण व्यवशायीलाई लामो अवधि म्याद थप गर्दा पनि बिभागीय प्रमुखले पूर्वनिर्धारित क्षतिपूर्ति नलगाउने गरी म्याद थप गरेको पाइयो । निर्माण व्यवशायीको ढिलासुस्तीको कारण बढी अवधी म्याद थप गर्दा क्षतिपूर्ति नलिनु नियम सम्मत देखिदैन । सिर्दिवास स्वास्थ्य चौकी भवन निर्माणम्झौताको अवधीभन्दा झण्डै दोब्बर अवधी म्याद थप गरेको छ । तोकिएको अवधिसम्म काम सम्पन्न गर्न नसक्ने निर्माण व्यवशायीलाई सम्झौता रकमको बढीमा १० प्रतिशतले हुने रु.१८,९७,७२५।– पूर्व निर्धारित क्षतिपूर्ति लिनु पर्नेमा क्षतिपूर्ति नलिई म्याद थप गरेको छ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवशायीलाई लामो अवधिसम्म पुर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद गर्नु नियम सम्मत देखिदैन ।

९. **बिल बीजक -** सार्वजनिक निर्माण तर्फ प्रोभिजनल वापतको खर्च भुक्तानी गर्दा खर्चको विल भपाई समेत लिई भुक्तानी दिनु पर्दछ। कार्यालयले बिभिन्न निर्माण कार्यको बिल भुक्तानी गर्दा प्रोभिजनल सममा रु.७५,०००।– भुक्तानी गरेकोमा सक्कल बिल विजक बेगर भुक्तानी गरेको देखिन्छ। सक्कल बिल विजक बेगर भुक्तानी गरेको उक्त रकमको सक्कल बिल विजक पेश हुनु पर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष ४ बजेट उपशिर्षकमा रु.२६,६४,७८०।- कन्टिन्जेन्सी खर्च गरेको छ । कन्टिन्जेन्सी एकमुष्ट राख्ने गरेको र सम्बन्धित निर्माण कार्यमा मात्र खर्च गर्ने गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा सो अनुसार अभिलेख राखेको पाइएनसम्बन्धित योजनामा तोकिएको अनुपातमा खर्च गर्न सकिने गरी अभिलेख राखी

खर्चमा नियन्त्रण गरिनु पर्दछ। साथै कन्टिन्जेन्सी खर्चमा एकरुपता र पारदर्शिता ल्याउन बिभागले कार्यविधि तयार गरेको नदेखिएकोले छुट्टै कार्यविधि बनाई कन्टिन्जेन्सी खर्च व्यवस्थित गरिनुपर्दछ।

११. **वीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको वीमा गर्नुपर्ने व्यवस्था छ। वीमा सम्बन्धी देखिएका व्यहोरा देहाय अनुसार छन्।

११.१ कार्यालयले दमौलीस्थित मानुङ्ग पर्यटकीय मार्ग स्तरोन्नती कार्य रु.३८,१४,४६९।– र आँबु खैरेनीमा चक्रपथ स्तरोन्नती तथा सतह ढल निर्माण कार्य रु.२१,१५,३८४।– को निर्माण कार्य भएपनि वीमा गरेको छैन।

११.२ खोप्लाङ्ग स्वास्थ्य चौकी भवन निर्माण कार्य २०७२।१२।२३ मा कार्य सम्पन्न भएको देखिन्छ। उक्त भवनको त्रुटी सच्याउने अवधिसम्म म्याद भएको बिमाको प्रमाण पेश गर्नुपर्नेमा २०७२ कार्तिक २० र मर्मत अवधिको लागि बिमाको प्रमाण पेश गरेको छ। सम्झौता अनुसार २०७३।१२।२३ सम्मको बिमा गरेको हुनुपर्नेमा पुरै निर्माण अवधि समेटने गरी बिमा गरेको देखिएन। पूरै निर्माण अवधि र मर्मत अवधि समेत समेटने गरी निर्माण कार्यको बिमा गराउनु पर्दछ।

११.३ आरुचनौटैको प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण गर्न एक निर्माण व्यवशायीसंग २०७१।२।१८ सम्म सम्पन्न गर्ने गरी २०६७।३।१६ मा ठेक्का सम्झौता भएको थियो। निर्माण व्यवशायीले मु.अ.कर बाहेक रु.५२५१२३६५।– लागतमा २०७१।४।११ मा सम्पन्न गरेको थियो। नियमानुसार मर्मत सम्भार अवधि (२०७२।४।११)सम्म वीमा गर्नुपर्नेमा कार्यालयले मर्मत अवधी ६।०७।२०१३ सम्मको मात्र वीमा गरेको र म्याद थप गर्दा वीमाको अवधी थपेको देखिएन। उक्त भवन २०७२ बैशाख १२ को भूकम्पले क्षतिग्रस्त भएको कारण हस्तान्तरण भएको छैन। हाल उक्त भवनको त्रुटी सच्याउने अवधी पनि सकिएको, निर्माण व्यवशायीले मर्मत नगरेको र कार्यालयले मर्मत गर्नको लागि क्षतिको बिवरण संकलन गरेको अवस्था छ। निर्माण वीमाको नगरेको कारण क्षतिग्रस्त भएको भवनको क्षतिपूर्ति प्राप्त नभएकोले उक्त भवनमा व्ययभार बढ्ने देखिएको छ।

१२. **कामको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सम्पन्न भएका कामको विस्तृत विवरण सम्बन्धित निकायले प्राप्त गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ। यस वर्ष कार्यालयले विशेष भौतिक पूर्वाधार क्षेत्र विकास आयोजना अन्तर्गत ५३ वटा उपभोक्ता समिति तथा लाभग्राही समुदाय मार्फत रु.८९ लाख ७३ हजारको भवन तथा सार्वजनिक निर्माणको कार्य गरेकोमा उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट विस्तृत विवरण प्राप्त गरी अभिलेख राखेको देखिएन। उपभोक्ता समिति मार्फत भएका निर्माण कार्यको बिल भर्पाई सहितको बिवरण लिई नियमानुसार अभिलेख राख्नु पर्दछ।

१३. **कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि सम्झौताका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले ठेक्का नं.२/२०७२।०७३ दमौली मानुङ्ग पर्यटकीय मार्ग स्तरोन्नती कार्यका लागि एक निर्माण सेवासँग २०७३।२।१४ सम्म सम्पन्न गर्ने गरी २०७२।१०।१४ मा रु. २७,५१,१५६।- को सम्झौता भएकोमा निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन नलिई अन्तिम बिल मु.अ.कर समेत रु.३०,५८,८५८।- भुक्तानी गरेको देखियो। कार्य स्वीकार प्रतिवेदन नलिई अन्तिम बिल भुक्तानी गर्नु नियमसम्मत नदेखिएकोले नियममा भएको व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन लिई अन्तिम बिल भुक्तानी गर्नुपर्दछ।

१४. **बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। यस कार्यालयले जिल्ला प्रशासन कार्यालय तनहुँको भवन मर्मत र जिल्ला मालपोत कार्यालय तनहुँको भवन निर्माण वापत एक

निर्माण व्यवसायीले पेश गरेको ठेक्का बिल भन्दा कर विजकमा रु.२१,६४२।- उल्लेख गरी बढी भुक्तानी दिएको देखियो। वास्तविक सम्पन्न काम भन्दा बढी भुक्तानी गरेको रकम असूल हुनुपर्दछ।

१५. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम रुपमा कट्टा गरेको कर रकम अर्को महिनाभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले २ जना कर्मचारीहरुको पारिश्रमिकमा कट्टी गरेको रु.४,२००।- कर रकम राजस्व खातामा दाखिला गरेको देखिएन।

१६. **धरौटीतर्फ –** कार्यालयको धरौटी मौज्दातमध्ये शहरी विकास तथा भवन डिभिजन कार्यालय लमजुङ्गलाई हस्तान्तरण गरेको रु.९४,३४,६०४।- फिर्ता खर्च देखाएको छ। करदाता सेवा कार्यालय बानेश्वर, काठमाण्डौको च.नं. ९५० मिति २०७२।५।२८ को पत्र बमोजिम एक ज्वाइन्टभेन्चर निर्माण व्यवशायीको बाँकी धरौटी रु.१८,००,०००।- उक्त करदाता सेवा कार्यालयमा पठाएको छ त्यस्तै बिभिन्न निर्माण व्यवसायीको धरौटी रु.१०,७६,४५६।- करदाता सेवा कार्यालय बानेश्वरलाई पठाएकोमा उक्त रकम कर कार्यालयको नाममा जम्मा नभई पुनः फिर्ता प्राप्त भएको छ। रकम कार्यालयले पुनः आम्दानी र खर्चमा देखाएकोले धरौटीको आर्थिक बिवरणले यथार्थ कारोवार चित्रण गर्दैन।

१७. **पेश्की -** बिभिन्न ३ स्वास्थ्य चौकी भवन निर्माण गने ३ निर्माण व्यवसायीलाई दिएको रु.४०,९४,०००।– मोविलाईजेशन पेश्की फछ्र्यौट भएको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियममा आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। कार्यालयको आन्तरिक नियन्त्रणको मूल्याङ्कन गर्दा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **पेश्की -** जिल्ला शिक्षा कार्यालयमा दरबन्दी रही यस कार्यालयमा काजमा कार्यरत एक शिक्षकलाई कार्यक्रम सञ्चालनको लागि पेश्की दिने गरेको देखियो कार्यालयमा दरवन्दीमा नरहेका व्यक्तिको नाममा कार्यक्रम पेश्की दिने कार्यमा नियन्त्रण गरिनु पर्दछ।

## सिंचाई बिकास डिभिजन

१. **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था कार्यान्वयनको मूल्यांकन गर्दा स्वीकृत वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी आर्थिक बर्षको अन्तसम्म पठाएको, खरिद गुरुयोजना तयार नगरेको र बार्षिक खरिद योजना अनुसार कार्यक्रम कार्यान्वयन नभएको, जिन्सी निरीक्षण प्रतिबेदनमा चालु हालतमा नरहेका भनी औंल्याइएका फर्निचर, उपकरण लगायतका बिभिन्न १५५ वटा मालसामानहरु लिलाम तथा मर्मत नगरेको, कर्मचारीको कार्य विवरण बनाई लागू नगरेको, अनुगमन संयन्त्र तयार नगरेको, वार्षिक कार्य सम्पादन प्रतिवेदन (म.ले.प.फा.नं. २११) तयार नगरेको जस्ता व्यहोरा देखिएका छन्। उक्त व्यहोरा देखिनुमा कानूनको पालना नहुनु प्रमुख कारण देखिन्छ। यसबाट आर्थिक अनुशासन कायम गर्न कठिनाइ हुने र वित्तीय पारदर्शिता प्रवर्द्धनमा समेत कमी आउने हुँदा ऐन, नियमको व्यवस्था पूर्ण पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनुपर्दछ।

२. **आयोजना स्वीकृत -** आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नु पर्नेमा कार्यालयले

प्रस्ताव नगरेका कतिपय योजना तथा कार्यक्रमहरु (नयाँ प्रविधि तर्फ फलेंटी पानी जुडीखेत सिंचाई योजना, मझौला सिंचाई आयोजना तर्फ माझिटार सिंचाई योजना नाम्जुङ्ग र मर्मत सम्भार तर्फ अमईटारी सिंचाई योजना लगायत) तालुक निकायबाट स्वीकृत गरी पठाएको कारण आयोजनाको पहिचान नै हुन नसकी यो बर्ष कार्यान्वयन हुन नसकेको देखियो । बजेट तथा कार्यक्रम स्वीकृत गर्दा नियमको पालना हुनुपर्दछ ।

३. **चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको र कार्यालयले सञ्चालन गर्ने सबै कार्यक्रमहरु सोही अनुसार बार्षिक कार्यक्रम स्वीकृत गरेको छ । कार्यालयले यो बर्ष कुल पुँजीगत बजेट रु.६ करोड ४८ लाख ५८ हजार मध्ये तेस्रो चौमासिकमा मात्र रु.३ करोड ७१ लाख ५९ हजार (५७.२९ प्रतिशत) खर्च गरेको देखिन्छ । असार महिना मात्र रु.२ करोड ३ लाख ८० हजार (३१.४२ प्रतिशत) खर्च गरेको छ । स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम चौमासिकभित्र खरिद सम्झौता नगरेको र निर्माण व्यवशायीहरुलाई कार्यतालिका अनुसार कार्य सम्पन्न गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथ सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ ।

४. **न्यून प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन, २०६४ को दफा २४(ङ) मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्रउपर कारबाही गर्न नहुने व्यवस्था छ । प्राप्त बिवरण अनुसार ६ सिंचाई निर्माणको लागि १२७ बोलपत्र फारम बिक्री भएकोमा ११ बोलपत्र मात्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा ८.६६% प्रतिशत मात्र दाखिला भएको छ । उक्त निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा ५ ठेक्कामा लागत अनुमानको तुलनामा ०.५५ देखि १.२७% सम्म र १ ठेक्कामा १५.१३% घटीमा सम्झौता भएको छ । ती खरिद कार्यमा पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन । खरिद गरेका धेरैजसो बोलपत्र फारम दाखिला नहुनु र दाखिला गरेका बोलपत्रदाताले लागत अनुमानको हाराहारीमा कबोल अंक पेश गर्नुले खरिद कार्य प्रतिस्पर्धी भएको देखिएन । पर्याप्त प्रतिस्पर्धाको सुनिश्चितता हुनेगरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची (१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २.५ प्रतिशत र अन्य सानातिना खर्चको लागि २.५ प्रतिशत कन्टिन्जेन्सी खर्च व्यवस्था गर्न सकिने व्यवस्था छ । यो वर्ष कार्यालयले रु.२७,३८,६४२।- कन्टिन्जेन्सी खर्च गरेकोमा देहाय अनुसार व्यहोरा देखिएको छ ।

५.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा अनुसूची-१ मा सार्वजनिक निर्माणका सम्बन्धमा वर्क चार्ज र सानातिना अन्य खर्च उल्लेख गरिए पनि उक्त खर्च गर्ने सम्बन्धमा कार्यविधि तयार गरेको नदेखिएकोले सम्बन्धित मन्त्रालयबाट कामको प्रकृति अनुसार खर्च गर्न सकिने गरी कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ ।

५.२ कार्यालयले अनुसूचीमा उल्लेख गरे अनुसार अनुपात मिलाई कन्टिन्जेन्सी खर्च गरेको देखिँदैन । साथै तोकिएको ढाँचामा योजनागत कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा कार्यालयले योजनागत खाता नराखी एकमुष्ट राख्ने गरेको छ । जस्ले गर्दा कुन योजनामा कति खर्च भयो यकिन गर्न नसकिने भएकोले तोकिएको अनुपातमा खर्च गर्न सकिने गरी योजनागत अभिलेख राखी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

६. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा मन्त्रालयको स्वीकृत लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्ने व्यवस्था रहेको छ । मझौला सिंचाई आयोजनामा रु.२ करोड ६१ लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड ८७ लाख ६० हजार (७१.८८ प्रतिशत) खर्च गरेको छ । कार्यालयले स्वीकृत कार्यक्रममध्ये ४ वटा योजनामा स्वीकृत कार्यक्रम भित्र रही खर्च गरेको, ४ वटा योजनामा कुनै पनि काम नगरेको र ४ वटा योजनामा रु.५९ लाख बजेट स्वीकृत भएकोमा रु.१ करोड ३ लाख १२ हजार खर्च गरी रु.४४ लाख १२ हजार बजेट भन्दा बढी खर्च गरेको देखियो । कुनै योजना सञ्चालन नगरेको र कुनै योजनामा स्वीकृत बजेटभन्दा बढी खर्च गर्नाले कार्यक्रम सञ्चालनमा नियमको पालना भएको देखिएन । त्यस्तो कार्य नियमानुसार कार्यक्रम संशोधन गरेर मात्र सञ्चालन गर्नुपर्दछ ।

७. **उपभोक्ता समितिबाट अनुमोदन -** आम्बोटे लिफ्ट सिंचाई योजना संचालनका लागि उपभोक्ता समितिसँग २०७२।११।२ मा रु.१७,२८,७०२।- को सम्झौता भएको छ । उक्त सम्झौताको दफा १० मा समेत उपभोक्ता समितिबाट सम्झौता बमोजिम भएको काम कारवाही र प्रगतीबारे सम्बन्धित संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सम्झौता बमोजिम उपभोक्ता समितिको योगदान बाहेक रु.१६,७६,८४१।- भुक्तानी दिएकोमा सम्झौता बमोजिम कामको प्राविधिक मुल्याङ्कन, बिल, भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित सँस्थाको बैठकबाट अनुमोदन गरेको देखिएन । कामको प्राविधिक मुल्याङ्कन, बिल भर्पाइ तथा खर्च प्रमाणित गर्ने कागजातहरु अनुमोदन गरेपछि मात्र भुक्तानी दिनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

८. **मुल्य अभिवृद्धि कर -** सार्वजनिक खरिद नियमावली, २०६४ को ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस योजना अन्तर्गत दरौंदी जरेवर चोरकाटे नदी नियन्त्रण उपभोक्ता समितिबाट रु.१३,४०,७१७-को सम्झौता गरी निर्माण कार्य गरेकोमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा मेशिनबाट मोटा खन्ने कामको दर निर्धारणमा समावेश भएको मु.अ.कर समेत भुक्तानी भएको छ । उक्त सिंचाई योजनामा जम्मा १८४७.४० व.मि. माटो खने वापत मु.अ.कर रु.३३।- का दरले जम्मा रु.६०,९६४।- मु.अ.कर भुक्तानी गरेकोमा कर बिजक समेत पेश गरेको देखिएन । कर बिजक पेश नगरी भुक्तानी दिएको मु.अ.कर रकम असुल हुनुपर्दछ ।

९. **बढी मु.अ.कर –** ठेक्का नं २/२०७१/७२ बक्राङ्गबेशी सिंचाई योजनाको तेस्रो रनिङ्ग बिल वापत एक निर्माण व्यवसायीलाई रु.१२,५३,७९४।- भुक्तानी गरेको छ । उक्त बिलमा तेस्रो पक्ष बिमा वापत एक ईन्स्युरेन्स कम्पनीलाई भुक्तानी गरेको मु.अ.कर समेत रु.४९,३९६।– समावेश छ । निर्माण व्यवसायीले पेश गरेको बिलमा मु.अ.कर समेतको बिमा वापतको रकम समावेश गरेको र सो रकममा कार्यालयले पुनः मु.अ.कर रु.६,४२२।- थप गरी भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको मु.अ.कर असुल हुनुपर्दछ ।

१०. **कर बीजक –** मु.अ.कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई रीतपूर्वकको ढाँचामा बिजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले ठेउवाटार र वालिङ्गटार सिंचाई योजनाको लागि पाईप खरिद गर्दा एक हार्डवेयरलाई कर बीजक बेगर मु.अ.कर रु.२७,६९७- समेत रु.२,४०,७५१।- भुक्तानी गरेको देखियो । कर विजक वेगर भुक्तानी गरेको मु.अ.कर निर्माण व्यवसायीले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।

त्यस्तै सिखरखेत सिंचाई जल उपभोक्ता समिति बुंकोटलाई सम्झौता बमोजिम पाइप तथा ट्यांकी खरिद गर्न मु.अ.कर रु.५८,७५७- समेत रु.५,१०,७४२।- भुक्तानी गरेको छ । उक्त रकम कर बिजक बेगर उपभोक्ता समितिको रनिङ बिलको आधारमा भुक्तानी गरेको छ । कर विजक वेगर उपभोक्ता समितिलाई भुक्तानी गरेको उक्त मु.अ.कर असुल गर्नुपर्दछ ।

११. **पेश्की फछ्र्यौट** – आर्थिक कार्यविधि नियमावली, २०६४ मा कार्यक्रम सञ्चालनको लागि लिएको पेश्की बिल भपाई संलग्न गरी समयमै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । हजारफाँट र धुँवाकोट सिंचाई योजनामा कार्यक्रम संचालन गर्न एक कर्मचारीलाई रु.२ लाख ६ हजार पेश्की दिएकोमा रु.१,८५,०००।- को बिल भपाई संलग्न गरी पूरै रकम फछ्र्यौट गरेको देखिएकोले बिल बेगर बढी फछ्र्यौट गरेको रु.२०,४००।- असुल हुनुपर्दछ ।

१२. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा भुक्तानी गर्दा १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले हल तथा फर्निचरको भाडा वापत रु.२०,०००।-भुक्तानी गर्दा १० प्रतिशतले हुने रु.२,०००।- कट्टी नगरी पुरै रकम भुक्तानी गरेको देखियो ।

१३. **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ मा निर्माणको लागि दिएको पेश्की सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष दिएको पेश्कीमध्ये ४ निर्माण व्यवसायीलाई दिएको मोविलाईजेशन पेश्की रु.३१,५७,०००।– आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट भएको नदेखिएकाले सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१४. **स्थलगत निरीक्षण -** झोलुङ्गे फाँट संरक्षण योजना अन्तर्गत दरौँदी खोलाको देव्रे किनारामा नदी नियन्त्रण गर्न एक निर्माण सेवाको रु.५०,५७,९८५।– को बोलपत्र स्वीकृत गरी २०७३।१।२० मा ठेक्का सम्झौता भएको थियो । सम्झौता अनुसार २०७३।९।२० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि (२०७३।१०।२९) सम्म काम सम्पन्न भएको छैन। उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा ग्याविन बालको कार्यमा तोकिएको साईज भन्दा सानो ढुङ्गा प्रयोग भएको, जमिनभन्दा माथी मात्र जालीमा ढुङ्गा भर्ने कार्य भएको देखियो । त्यस्तै वर्षात भन्दा पहिले शुरु गरेको ग्याविन वाल नदीले भत्काएको र पुन: मर्मत भईरहेको देखियो । आवश्यक भन्दा सानो साइजको ढुङ्गा प्रयोग गर्ने र जमिनभन्दा माथी मात्र ग्याविन वाल लगाएको कारण नदीको वहावले सजिलैसँग भत्काउन सक्ने स्थिति देखिएको छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अर्न्तगत ४५ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र २ कार्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धित निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पन्न भएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षण प्रतिवेदनको आधारमा अन्तिम लेखापरीक्षण सम्पन्न गरिएका ३४ मध्ये निम्न ७ कार्यालयको रु.५३,७१,७९१।०५ बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १. | आँप पिपल अस्पताल | ३७०८०४३ | बैंक खाता निकायबाट स्वीकृत भएको देखिन नआएको | ४,३४,१००/- |
| २. | घरेलु तथा साना उद्योग विकास समिति गोरखा | ३०७८०१३ | आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट नभएको रु. | १०,०००/- |

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| | | ३०७८०१४ | आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट नभएको रु. | १०,००,०००/- |
| ३. | जिल्ला वन कार्यालय गोरखा | ३२९८०८४ | आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट नभएको रु. | ४,३५,८१४/- |
| ४. | जिल्ला प्रशासन कार्यालय गोरखा | ३१४०१६४ | आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट नभएको रु. | २४,४१,९७६/- |
| | | ३१४०१६३ | खर्च शीर्षक फरक पारी बजेट खर्च लेखेको रु. | ४,५६,२१०/- |
| ५. | सरकारी वकिल कार्यालय गोरखा | २१६०१३३ | शीर्षक फरक पारी बजेट खर्च लेखेको रु. | ,७९,७३६/- |
| ६. | रणसिंह दल गण गोरखा | धरौटी तर्फ | म्यादभित्र फिर्ता लिन नआएको धरौटी राजस्वमा आम्दानी बाँध्नुपर्ने रु. | ३,८८,५५३/०५ |
| ७. | गोरखा क्याम्पस गोरखा | खर्च तर्फ | असुल उपर हुनुपर्ने रु. | १८,३००/- |
| | | आम्दानीतर्फ | कम रकम दालिखा भएको रु. | ७,०३०/- |
| **जम्मा** | | | | **५३,७१,७१९/०५** |

**( विश्वनाथ रेग्मी )**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि : विस्तृत** (रु. लाखमा)

| सि. नं. | कार्यालयको नाम र जिल्ला | विनियोजन | राजस्व | धरौटी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | ११ किलो छेपेटार भालुस्वाँरा सडक | २५२४ | ९३ | १५३ | ० | २७७० |
| २. | खानेपानी तथा सरसफाई डिभिजन | १९२७ | ४ | १७८ | ५५ | २१६४ |
| ३. | जिल्ला अस्पताल | २७२ | १ | ४ | १५९ | ४३६ |
| ४. | जिल्ला कृषि विकास कार्यालय | १०५७ | ३०४७ | १५ | ० | ४१२० |
| ५. | जिल्ला जनस्वास्थ्य कार्यालय | १६२५ | ७ | ५ | ९८ | १७३५ |
| ६. | जिल्ला प्राविधिक कार्यालय | ३२२ | १ | २३ | ५१ | ३९६ |
| ७. | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ४०१२३ | ४०१२३ |
| ८. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ५९ | ५९ |
| ९. | जिल्ला भुसंरक्षण कार्यालय | ३०४ | ० | ० | १ | ३०५ |
| १०. | जिल्ला शिक्षा कार्यालय | १०५७२ | ९४ | ० | ३३० | १०९९६ |
| ११. | शैक्षिक तालिम केन्द्र | ५९ | १ | ० | ० | ६० |
| १२. | शहरी विकास तथा भवन निर्माण डिभिजन | १५८३ | ४९ | ३४८ | ३ | १९८३ |
| १३. | सिंचाई विकास डिभिजन | ७०५ | ६ | ८९ | ३३ | ८३३ |
| | **जम्मा** | २०९५० | ३३०३ | ८१५ | ४०९१२ | ६५९८० |

**लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षणको आधारमा** (रु. लाखमा)

| सि. नं. | कार्यालयको नाम र जिल्ला | विनियोजन | राजस्व | धरौटी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखा | ५९ | १०४७ | ० | १ | ११०७ |
| २. | लार्के भन्सार कार्यालय गोरखा | १७ | १ | ० | ० | १८ |
| ३. | जिल्ला पशु सेवा कार्यालय गोरखा | १९६ | १ | ७ | १४ | २१८ |
| ४. | जिल्ला प्रशासन कार्यालय गोरखा | ४०४ | ३५६ | ६७ | ७०४५ | ७८७२ |
| ५. | जिल्ला प्रहरी कार्यालय गोरखा | ११५२ | १ | २६ | ११९ | १२९८ |
| ६. | इलाका प्रहरी कार्यालय जौवारी गोरखा | ३७६ | ० | ० | ० | ३७६ |
| ७. | इलाका प्रहरी कार्याल्य आरुघाट गोरखा | ३५६ | ० | ० | ० | ३५६ |
| ८. | इलाका प्रहरी कार्यालय ठाँटी पोखरी | २३८ | ० | ० | ० | २३८ |
| ९. | शसस्त्र प्रहरी बल आहाले गोरखा | ५३९ | ० | १ | ० | ५४० |
| १०. | कारागार कार्यालय गोरखा | ७७ | ० | १ | ० | ७८ |
| ११. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय गोरखा | ४५ | ० | ० | ० | ४५ |
| १२. | जिल्ला ट्राफिक कार्यालय गोरखा | ० | ३४ | ० | ० | ३४ |
| १३. | रणसिंह दल गण गोरखा | २३३८ | १ | २३ | ० | २३६२ |
| १४. | घरेलु तथा साना उद्योग विकास समिति गोरखा | ८९ | ४२ | १ | १४ | १४६ |
| १५. | मालपोत कार्यालय गोरखा | ८३ | २६५ | ६ | ४०१ | ७५५ |
| १६. | मालपोत कार्यालय सिर्दिवास गोरखा | २७ | १ | ० | ३ | ३१ |
| १७. | नापी कार्यालय सिर्दिवास गोरखा | ३९ | १ | ० | ० | ४० |
| १८. | नापी कर्यालय गोरखा | ६४ | १७ | ० | २ | ८३ |
| १९. | एकिकृत सेवा केन्द्र वर्दिवास | ३२ | ० | ० | ० | ३२ |
| २०. | गोरखा जिल्ला अदालत गोरखा | १३४ | १४ | १२३ | १ | २७२ |
| २१. | जिल्ला निर्वाचन कार्यालय गोरखा | ३१ | ० | ० | ० | ३१ |
| २२. | जिल्ला सरकारी वकिल कार्यालय गोरखा | २९ | ० | ० | ० | २९ |
| २३. | तथ्याङ्क कार्यालय गोरखा | ४५ | ० | ० | ० | ४५ |
| २४. | आँप पिपल अस्पताल | १८ | १ | ० | ० | १९ |
| २५. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा | १२२ | १ | २ | ० | १२५ |
| २६. | जिल्ला हुलाक कार्यालय गोरखा | ३९७ | १४ | ० | १ | ४१२ |
| २७. | दुर्गम क्षेत्र विकास समिति गोरखा | ६७ | ० | ५ | ० | ७२ |

| सि. नं. | कार्यालयको नाम र जिल्ला | विनियोजन | राजस्व | धरौटी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| २८. | राष्ट्रिय पुनःनिर्माण प्राधिकरण उ.क्षे.कार्यालय | ५५ | ० | ० | ० | ५५ |
| २९. | जिल्ला वन कार्यालय गोरखा | ३३९ | १२ | २० | ९ | ३८० |
| ३०. | महिला तथा बालबालिका कार्यालय गोरखा | ३३७ | १ | १ | ४ | ३४३ |
| ३१. | गोरखा संग्राहलय गोरखा | ७९ | ५ | ४ | २० | १०८ |
| ३२. | गोरखा दरवार हेरचाह अड्डा | ३१० | १ | ८ | ० | ३१९ |
| ३३. | गोरखा क्याम्पस गोरखा | ० | ० | ० | २९२ | २९२ |
| ३४. | मनकामना क्षेत्र विकास समिति गोरखा | ० | ० | ० | २७ | २७ |
| | **जम्मा** | **८०९४** | **१८१६** | **२९५** | **७९५३** | **१८१५८** |
| | **कुल जम्मा** | २९०४४ | ५११९ | १११० | ४८८६५ | ८४१३८ |

अनुसूची २

## बेरुजूको स्थिति

(रु हजारमा)

| क.सं. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिय ाबाट | जम्मा |
| १. | ११ किलो छेपेटार भालुस्वाँरा सडक | २८ | ८३६६८ | ७ | ३५२९ | २१ | ११६७५ | ८८७४ | ५९५९० | ८०१३९ | - | - | - |
| २. | खानेपानी तथा सरसफाई डिभिजन | ३० | ११९४ | १० | - | २० | १११ | १०८३ | ० | ११९४ | - | - | - |
| ३. | जिल्ला अस्पताल | १४ | ३६६ | २ | - | १२ | १४ | ३५२ | ० | ३६६ | - | - | - |
| ४. | जिल्ला कृषि विकास कार्यालय | १३ | १३९० | ३ | - | १० | ० | १३९० | ० | १३९० | ६ | | ६ |
| ५. | जिल्ला जनस्वास्थ्य कार्यालय | २६ | ३५०३ | ३ | - | २३ | १३०८ | १३१८ | ८७७ | ३५०३ | - | - | - |
| ६. | जिल्ला प्राविधिक कार्यालय | १३ | ६४४ | ५ | - | ८ | २४ | ५० | ५७० | ६४४ | - | - | - |
| ७. | जिल्ला विकास समितिको कार्यालय | ४८ | ३३३२६ | ४ | - | ४४ | ५०६७ | ९५१७ | १८७४२ | ३३३२६ | - | - | - |
| ८. | स्थानीय विकास कोषको सचिवालय | ५ | १०० | २ | - | ३ | ० | १०० | ० | १०० | - | - | - |
| ९. | जिल्ला भुसंरक्षण कार्यालय | ७ | सैद्धान्तिक | २ | - | ५ | ० | ० | ० | ० | - | - | - |
| १०. | जिल्ला शिक्षा कार्यालय | १९ | ६०२५४ | ४ | ५११ | १५ | ५७५ | ५९१६८ | ० | ५९७४३ | ४७ | २६० | ३०७ |
| ११. | शैक्षिक तालिम केन्द्र | ३ | सैद्धान्तिक | १ | - | २ | ० | ० | ० | ० | - | - | - |
| १२. | शहरी विकास तथा भवन निर्माण डिभिजन | २५ | ८०८७ | ८ | - | १७ | ८५५ | ३१३८ | ४०९४ | ८०८७ | - | - | - |
| १३. | सिंचाई विकास डिभिजन | १७ | १०४८४ | ३ | - | १४ | २९ | ७२९८ | ३१५७ | १०४८४ | - | - | - |
| १४. | जिल्ला प्रशासन कार्यालय | २ | २८९८ | - | - | २ | ० | ४५६ | २४४२ | २८९८ | - | - | - |
| १५. | रणसिंह दल गण | १ | ३८९ | - | - | १ | ० | ३८९ | ० | ३८९ | - | - | - |
| १६. | घरेलु तथा साना उद्योग विकास समिति | २ | १०१० | - | - | २ | ० | ० | १०१० | १०१० | - | - | - |
| १७. | सरकारी वकिल कार्यालय | १ | १८० | - | - | १ | ० | १८० | ० | १८० | - | - | - |
| १८. | आँप पिपल अस्पताल | १ | ४३४ | - | - | १ | ० | ४३४ | ० | ४३४ | - | - | - |
| १९. | जिल्ला वन कार्यालय | १ | ४३६ | - | - | १ | ० | ० | ४३६ | ४३६ | - | - | - |
| २०. | गोरखा क्याम्पस | ७ | २५ | - | - | ७ | ९ | १६ | ० | २५ | - | - | - |
| | **जम्मा** | २६३ | २०८३८८ | ५४ | ४०४० | २०९ | १९६६७ | ९३७६३ | ९०९१८ | २०४३४८ | ५३ | २६० | ३१३ |

**द्रष्टव्य** : • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची - ३

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | ११ किलो छेपेटार भालुस्वाँरा सडक | श्री प्रेम प्रकाश खत्री | श्री युवराज भट्टराई |
| २. | खानेपानी तथा सरसफाई डिभिजन | श्री नारायण प्रसाद आचार्य | श्री भृगुराज खनाल |
| ३. | जिल्ला अस्पताल | श्री सुधा देवकोटा | श्री जित बहादुर राना |
| ४. | जिल्ला कृषि विकास कार्यालय | श्री तीर्थ कुमार श्रेष्ठ | श्री कृष्ण हरि ढकाल |
| ५. | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री महेन्द्रध्वज अधिकारी | श्री उमा नाथ भण्डारी |
| ६. | जिल्ला प्राविधिक कार्यालय | श्री सहदेव बहादुर भण्डारी | श्री विष्णुहरी न्यौपाने |
| ७. | जिल्ला विकास समितिको कार्यालय | श्री नारायण आचार्य | श्री श्याम प्रसाद गौतम |
| ८. | स्थानीय विकास कोषको सचिवालय | श्री नारायण आचार्य | श्री दिपेन्द्र अर्याल |
| ९. | जिल्ला भुसंरक्षण कार्यालय | श्री राजु दाहाल | श्री आजाद पौडेल |
| १०. | जिल्ला शिक्षा कार्यालय | श्री दिपेन्द्र सुबेदी | श्री केदार नाथ कडेल |
| ११. | शहरी विकास तथा भवन निर्माण डिभिजन | श्री श्याम किशोर सिंह | श्री आजाद पौडेल |
| १२. | शैक्षिक तालिम केन्द्र | श्री दयाराम गौतम | श्री अमृत श्रेष्ठ |
| १३. | सिंचाई विकास डिभिजन | श्री लोक बहादुर थापा | श्रीराजीव आचार्य |
| १४. | जिल्ला प्रशासन कार्यालय | श्री नेत्र प्रसाद शर्मा | श्री हर्क ब. रोका |
| १५. | रणसिंह दल गण | श्री पर्वत राज गिरी | श्री राजु थापा |
| १६. | घरेलु तथा साना उद्योग विकास समिति | श्री विष्णु प्रसाद न्यौपाने | श्री चित्रा कुमारी डाँगी |
| १७. | सरकारी वकिल कार्यालय | श्री महेन्द्र बहादुर थापा | श्री प्रेम प्रसाद पन्थी |
| १८. | आँप पिपल अस्पताल | श्री मिना आले | श्री आजाद पौडेल |
| १९. | जिल्ला वन कार्यालय | श्री जीवनाथ पौडेल | श्री आजाद पौडेल |
| २०. | गोरखा क्याम्पस | श्री विकास कुमार श्रेष्ठ | श्री पुष्कर खडका |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np